## विशेष इजलास

१

**मा. न्या. श्री बलराम के.सी., मा. न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** रिट नं. ०६६-WS-००५०, उत्प्रेषण *समेत, अधिवक्ता विजयराज शाक्य समेत वि. राष्ट्रपति रामबरण यादव समेत*

संविधानसभाको कार्यकाल थप्न मिल्दैन भन्ने निवेदकको भनाई, तर्क र जिकीर मान्ने हो भने गठित संविधानसभा समाप्त हुन्छ । साथै संविधानको प्रस्तावनामा अभिव्यक्त भएको नेपाली जनताले संविधानसभामार्फत् आफ्नो लागि आफै संविधान बनाउन पाउने भन्ने अन्तरिम संविधानको मर्म र भावना पराजित हुन पुग्ने मात्र होइन नेपाल संविधान विहीन अवस्थामा हुन पुग्ने देखिन्छ । निवेदकको जिकीर मान्ने हो भने नेपाली जनताले प्रजातन्त्र र संविधानसभाको लागि गरेको आधा शताव्दिभन्दा लामो संघर्ष तथा केही वर्ष अगाडि भएको जनआन्दोलनद्वारा प्राप्त उपलव्धि अर्थात् नेपाली जनताले निर्वाचित गरेको संविधानसभामार्फत् नयाँ संविधान बनाउने अन्तरिम संविधानको प्रमुख लक्ष्य निरर्थक वा निरुद्देश्य (Frustrate) हुन जान्छ जुन कुराको परिकल्पनासम्म पनि गर्न नमिल्ने ।

विभिन्न कारणबश धारा ६४ मा तोकिएको कार्यकालभित्र संविधान निर्माण हुन सकेन भन्दैमा अन्तरिम संविधानको उपरोक्त मर्म, उद्देश्य र भावनालाई रक्तसञ्चार गराई नयाँ संविधान निर्माणको कार्यलाई जीवन्त पार्नु पर्ने दायित्व भएका राजनीतिक दल र जनताको प्रतिनिधिको रुपमा नयाँ संविधान बनाउने जिम्मेवारी लिई चुनिएका स्वंय संविधानसभाका सदस्यहरूले उपरोक्त जिम्मेवारी बोध नगरेको भन्न मिल्दैन । यदि त्यस्तो गैरजिम्मेवारीपन कहिँ कतै देखिन आएमा त्यस कुराको इतिहासले मूल्याङ्कन गर्ने कुरा हो, अदालतले होइन । त्यसैले तोकिएको कार्यकालभित्र संविधान निर्माणको कार्य सम्पन्न हुन सकेन भन्दैमा नेपाली जनताको लागि नयाँ संविधान नै बनाउन नपर्ने वा संविधान नबन्दै संविधानसभा विघटन वा समाप्त हुनुपर्ने तर्क गर्नु विवेकसम्मत हुन सक्दैन । यस्तो सोचाइले संविधानबमोजिम निर्दिष्ट राज्यको दायित्व पूरा हुन नसक्ने मात्र होइन देश नै संविधानविहीन अवस्थामा पुग्न जान्छ । आजको सन्दर्भमा संविधानसभामार्फत् नयाँ संविधान बनाउने कुराको अर्को विकल्प हुन नसक्ने ।

संविधान र कानूनको व्याख्या गर्दा कुनै एउटा धारा वा दफाको व्यवस्थालाई मात्र टपक्क टिपी एकांगी वा प्राविधिक व्याख्या गर्नु व्यावहारिक र उचित हुँदैन । संविधानको व्याख्या गर्दा यसको प्रस्तावनामा अभिव्यक्त भएको भावना र अन्य प्रावधान समेतका समग्र व्यवस्थातर्फ समुचित दृष्टि पुऱ्याई रचनात्मक तरिकाले समन्वयात्मक (Constructive, Purposive and Harmonious Interpretation) व्याख्या गर्नुपर्छ । संविधानको कुनै धारामा अभिव्यक्त भएको शव्द वा वाक्यांशको व्याख्या गर्दा संविधानका अन्य व्यवस्था पराजीत वा निष्प्रयोजित हुने गरी नभई समग्र संविधान क्रियाशील हुने वा संवैधानिक व्यवस्थाले गतिशीलता पाउने सकारात्मक पक्षको खोजी वा अपेक्षा गर्नुपर्छ ।

संविधान संशोधनका सम्बन्धमा व्यवस्थापिका संसद केही व्यक्त वा अव्यक्त सीमाहरू बाट बाँधिन्छ । संविधान स्वयंले संशोधनको लागि कुनै पूर्वशर्त राखेको देखिँदैन । आधारभूत संरचना किटेको छैन भन्दैमा संविधानको आधारभूत स्वरुप क्षतविक्षत पार्ने अधिकार संविधानले नै जन्माएको (Creature) अर्थात् विधायिकालाई हुँदैन । आफूलाई जन्म दिने अर्थात् (Creature) संविधानको समसामयिक संशोधन गरी संवैधानिक विकासलाई अघि बढाउने वा गतिशिलता प्रदान गर्ने कार्य विधायिकाको हो ।

संविधान संशोधन नै हुन नसक्ने व्यवस्था गर्ने हो भने संशोधन प्रक्रियाको बदला अदालतबाट व्याख्यामार्फत् संशोधन हुन पुग्ने ।

अन्तरिम संविधानको धारा ६३ अन्तर्गतको संविधानसभालाई जनआन्दोलनको भावनाविपरीत हुने गरी बाहेक अन्य कुरामा संविधान लेखनमा कुनै सीमा हुँदैन । तर संविधान संशोधन गर्दा व्यवस्थापिका–संसदलाई अन्तरिम संविधानका केही अव्यक्त तर मुख्य संरचना भत्काउने अधिकार नहुने ।

संविधानसभाका सदस्यहरू जनप्रतिनिधि भएको हुँदा उनीहरूको पहिलो र प्राथमिक जिम्मेवारी वा उत्तरदायित्व आफूलाई निर्वाचित गर्ने नागरिकहरूप्रति रहन्छ । समयमा संविधान निर्माण गर्ने प्रयासै नगरेको भन्ने निवेदनमा उठाइएका राजनीतिक प्रश्नहरूको जवाफ यस अदालतबाट होइन । त्यस्तो राजनीतिक औचित्यताको विषयमा यस अदालतबाट कसैलाई उत्तरदायी बनाउने गरी हस्तक्षेप हुन शक्ति पृथकीकरण र संविधानबादको सिद्धान्त समेतबाट उपयुक्त नहुने ।

संविधान संशोधनका सम्बन्धमा अन्तरिम संविधानमा भएको व्यवस्था Amending clause विपरीत कार्यविधिगत त्रुटि गरी संविधानको आठौं संशोधन विधेयक पारित भएको भनी मान्न मिल्ने अवस्था देखिएन।

सामान्यत: आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्ने सम्बन्धमा राज्यका तीनवटा निकायहरूलाई प्राप्त उक्त न्यूनतम तथा आधारभूत अधिकारमा अर्को अंगबाट हस्तक्षेप गर्ने गरिँदैन । नियन्त्रण र सन्तुलनको मान्यताअनुसार यी निकायहरूबाट सम्पादन भएका कार्यका सम्बन्धमा संविधानबमोजिम एक अर्को निकायको Checks रहन सक्दछ। तर आफ्नो कार्यविधि व्यवस्थित गर्न पाउने कुरामा हस्तक्षेप स्वीकार्य नहुने।

अन्तरिम संविधानको धारा ६४ बमोजिम तोकिएको दुई वर्षको कार्यकालभित्र नयाँ संविधान बनाउने कार्य सम्पन्न हुन नसकेको कारण संविधानसभाको कार्यकाल थप एक वर्ष बढाउने गरी आठौं संशोधन विधेयक पेश भई संविधानको धारा १४८ को प्रक्रियाअनुरूप सो विधेयक पारीत भएको अवस्थामा राति १२.०० बजेपछि प्रस्ताव पारीत भएको भन्ने आधारमा उक्त प्रक्रियालाई अमान्य घोषित गर्न नमिल्ने।

देशमा संवैधानिक संकट र अराजकता हुँदा कोही कसैको अभीष्ट साध्य होला, तर अन्तरिम संविधानबाट अधिकार पाई गठन भएको यस अदालतले संविधानलाई नै समाप्त पार्ने आदेश जारी गर्ने कुरा संविधानको मर्म, भावना र व्यवस्थाअनुरूप हुन सक्दैन। संविधानबाट सिर्जित निकायहरूले संवैधानिक व्यवस्थालाई नै समाप्त पार्ने न भै त्यसलाई गतिशीलता प्रदान गर्ने रचनात्मक भूमिका निर्वाह गर्नुपर्ने भएकोले आ–आफ्नो संवैधानिक दायित्व निर्वाह गर्न प्रयत्नशील र इमानदार रहनुपर्ने।

इजलास अधिकृत : नारायणप्रसाद सुवेदी
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ कात्तिक १८ गते रोज ५ शुभम्।

- यसमा यसै लगाउको रिट नं. ०६६-WO-१०९४ उत्प्रेषण, *अधिवक्ता विजयराज शाक्य वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ।

## पूर्ण इजलास

१

**मा. न्या. श्री तपबहादुर मगर, मा. न्या. श्री रामकुमारप्रसाद शाह र मा. न्या. श्री भरतराज उप्रेती,** रि.पु.इ.नं. ०६७-WH-०००५, बन्दीप्रत्यक्षीकरण, *अर्जुन थापा वि. कारागार कार्यालय, जगन्नाथ देवल समेत*

**मा.न्या. श्री तपबहादुर मगर र मा. न्या. श्री रामकुमारप्रसाद शाहको राय :**

विधायिकी कानूनले स्पष्ट रूपमा गरेको व्यवस्थाविपरीत कैद ठेक्ने र जरीवाना असूल गर्ने कामकारवाही कानूनसम्मत हुन नसक्ने।

जरीवानाबापत हुने कैद कति वर्षसम्म ठेक्न मिल्छ भन्ने कुरा चोरीको महलमा उल्लेख नभएकोले दण्ड सजायको महलको कानूनी व्यवस्थाकै अधीनमा रही त्यस्तो कैद ठेक्नु मनासिब र कानूनसम्मत हुने।

चोरीको महलमा अधिकतम् र न्यूनतम् कैद गर्न पाउने हद निर्धारण भएको तथा जरीवानाबापत समेत कैद नै गर्नुपर्ने कुरा उल्लेख भएकै आधारमा मात्र कैद ठेक्ने सम्बन्धमा दण्ड सजायको महलमा भएका सारबान र कार्यविधिगत कानूनी व्यवस्थाको उपेक्षा गरी चोरीको महलको आधारमा नै कैद ठेक्न मिल्छ भन्ने निष्कर्षमा पुग्नु न्यायोचित नहुने।

जरीवानालाई दिनको पच्चीस रूपैयाँको दरले परिणत गर्दा हुन आउने जतिसुकै अवधिसम्म कैदमा राख्न मिल्ने अर्थ गर्ने हो भने दण्ड सजायको ३८ नं. को देहाय १ को व्यवस्था मात्र होइन चोरीको २७ नं.को अधिकतम् हदसम्बन्धी कानूनी व्यवस्था समेत निष्प्रयोजित हुने।

जरीवानाबापत चार वर्षभन्दा बढी कैद ठेक्न नमिल्ने भन्ने उक्त ३८ नं. को देहाय १ को कानूनी व्यवस्था कैद ठेक्ने सम्बन्धको कार्यविधिगत व्यवस्थाका साथै व्यक्तिको वैयक्तिक स्वतन्त्रतासँग अविच्छिन्न रूपमा गाँसिएको सारवान प्रवन्ध पनि हो। व्यक्तिको वैयक्तिक स्वतन्त्रता कुण्ठित हुनसक्ने यो कानूनी व्यवस्थाको बलपूर्वक, ज्यादै कठोर र एकांगी व्याख्या गर्नु न्यायोचित नहुने हुँदा जरीवानाबापत कैद ठेक्नेसम्बन्धमा भएका समग्र व्यवस्थाहरूको समन्वयात्मक र रचनात्मक व्याख्या गर्नु विवेकसम्मत हुने।

चोरीको १४ नं. को देहाय २ ले जबर्जस्ती चोरी गर्नेलाई जरीवानाबापत पनि कैद गर्नुपर्छ भन्ने सजायसम्बन्धी घोषणात्मक व्यवस्था गरेको भए पनि जरीवानाबापत कैद ठेक्नको लागि दण्ड सजायको ३८ नं. भन्दा बाहिर जान नमिल्ने।

जरीवानाबापत चोरीको महलबमोजिम हुने कैद सजायको अधिकतम् हद बढी हुनसक्ने देखिए पनि जरीवानाको सट्टामा ठेकिने कैदको उपल्लो हद दण्ड सजायको महलको ३८ नं. को देहाय १ बमोजिम चार वर्षभन्दा बढी हुन नसक्ने।

**मा.न्या. श्री भरतराज उप्रेतीको राय :**

चोरीको महलको १४ नं. को देहाय २ बमोजिम जबर्जस्ती चोरी मुद्दामा ठहर भएको जरीवानाबापतको कैद र दण्ड सजायको महलको ३८ नं. को देहाय १ नं बमोजिम जरीवाना तिर्न नसकेबापत कैद ठेक्ने विषय बेग्लाबेग्लै प्रयोजनका लागि निर्माण भएका कानून देखिएको हुँदा एक अर्का बीच कुनै सार्थक सम्बन्ध नै नभएका कानूनी व्यवस्थाहरूलाई एकआपसमा मिसाई चोरीको १४ नं. को देहाय २ नं. को व्यवस्थालाई संकुचित गरी बलपूर्वक व्याख्या गर्नुपर्ने अवस्था र प्रयोजन नहुने।

इजलास अधिकृत : नारायण सुवेदी

इति संवत् २०६७ साल भदौ २४ गते रोज ५ शुभम्।

२

**मा.न्या. श्री ताहिर अली अन्सारी, मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री तर्कराज भट्ट,** ०६७-WO-००१६, उत्प्रेषण परमादेश, *सम्पत घिमिरे वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

चालू आर्थिक वर्षभित्रमा अवकाश तथा बढुवाबाट रिक्त हुन आउने सम्भावित पदलाई समेत गणना गरी पदपूर्ति प्रक्रिया अघि बढाउनु पर्ने व्यवस्था रहेको परिप्रेक्ष्यमा संख्या नै किटान गरी बढुवा सूचना प्रकाशित भएको अवस्थामा बढुवाका सम्भाव्य उम्मेदवारहरू बाँकी रहँदा रहँदै बढुवा सूचीको योग्यताक्रममा बीचको १ स्थान खाली नै राखी बढुवा समितिको मिति २०६६।११।५ को निर्णयलाई नै कायम रहने गरी भएको निर्णय कानूनसम्मत देखिन आएन। किनभने आफैंले रिक्त पदको संख्या यकीन गरी बढुवा दरखास्त आव्हान गरेकोमा सम्भाव्य उम्मेद्वार उपलब्ध रहेको अवस्थामा पनि एक वा केही पद रिक्तको रिक्तै राखी अन्य पदमा मात्र बढुवा गर्नु उक्त ऐनको मनसाय होइन। निजामती सेवा ऐन, २०४९ को त्यस्तो उद्देश्य हो भनी अनुमान गर्न पनि मिल्दैन। ऐनको भाषा र उद्देश्यबीच सामञ्जस्यता स्थापित गर्ने गरी ऐनको व्याख्या गर्नु पर्दछ। बढुवा समितिले प्रकाशित गरेको पहिलो बढुवा नामावलीउपर उजूरी गर्ने म्यादभित्र सो नामावलीमध्येको कुनै उम्मेद्वारको अर्कै प्रक्रियाबाट बढुवा भएमा निजको सट्टा अर्को उम्मेद्वारको बढुवा गर्न मिल्ने तर उक्त म्याद नाघेपछि बढुवा प्रक्रिया सम्पन्न नहुँदै अर्कै प्रक्रियाबाट बढुवा भएको व्यक्तिको सट्टा अर्को सम्भाव्य उम्मेदवारको बढुवा गर्न नमिल्ने भन्ने ऐनले व्यवस्था गरेको छैन। त्यसरी अर्थ गर्न मिल्दैन। त्यसरी अर्थ गर्नुको कुनै औचित्य र विधिसम्मत तर्क (Rational) पनि छैन। त्यसरी अर्थ गर्दा अविवेकपूर्ण र ऐनको उद्देश्यविपरीत हुने।

लोकसेवा आयोगको निर्णय नं. ३०६/०६६-६७, मिति २०६७।१।९ को निर्णय एवं सो समेतलाई आधार बनाई बढुवा समितिको सचिवालयबाट मिति २०६७।१।११ को गोरखापत्रमा प्रकाशित गरिएको अन्तिम बढुवा सूचीमा योग्यताक्रम नं. ६ रिक्त राखिएको हदसम्मको सो सूची समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब लोक सेवा आयोगको बढुवा सूचना नं. २६।२०६६-०६७, नेपाल इन्जीनियरिङ्ग सेवा, सिभिल समूह, बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूह रा.प. द्वितीय श्रेणीको ७ पद कार्यक्षमताको मूल्याङ्कनद्वारा पूर्ति गर्ने गरी मिति २०६६।६।२८ मा प्रकाशित सूचनाअनुसार निवेदक सम्पत घिमिरेलगायतका अन्य सम्भाव्य उम्मेदवारहरू मध्ये निजामती सेवा ऐन, २०४९ को दफा २४(२) बमोजिम अङ्क गणना गरी रिक्त राखिएको पदसंख्या १ मा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारको बढुवा सिफारिश सूची प्रकाशित गरी बढुवा प्रक्रिया सम्पन्न गर्न र त्यसरी बढुवा सिफारिश गरी नियुक्ति दिंदा सोही विज्ञापित पदमा बढुवा पाएका अन्य उम्मेद्वारहरू सरह जेष्ठता कायम गर्न समेत विपक्षीहरूका नाउँमा परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल पुस २२ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६७-WO-००१७, उत्प्रेषण परमादेश, *कमलराज ढकाल वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## संयुक्त इजलास

१

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** रिट नं. २०६४-WO-०१९०, उत्प्रेषणयुक्त परमादेश समेत, *रामकृपाल सिँह समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकहरू स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूहअन्तर्गत सातौं तहको अधिकृत पदमा स्तरवृद्धि भई सोही पदमा कार्यरत् रहेको कर्मचारी भन्ने स्वास्थ्य सेवा विभागको मिति २०६४।४।२३ को स्तरवृद्धि सम्बन्धी पत्रहरूबाट देखिएको छ । त्यसरी स्तरवृद्धि भई सातौं तहमा कार्यरत् रहेका निवेदकहरूलाई सरूवा गर्ने अधिकार स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० तथा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३० अनुसार विपक्षी स्वास्थ्य सेवा विभागको महानिर्देशकलाई रहे भएको मान्न नमिल्ने ।

अधिकृत सातौं तहमा स्तरवृद्धि भई कार्यरत् रहेका निवेदकहरूलाई स्वास्थ्य सेवा विभागका महानिर्देशकबाट सरूवा गर्ने गरी भएको मिति २०६४।४।३१ को निर्णय अधिकारक्षेत्रविहीन भई कानूनसम्मत नदेखिँदा सो निर्णय र त्यसैका आधारमा निवेदकहरूलाई दिएको सरूवा पत्रहरू समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इति संवत् २०६७ साल बैशाख ५ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको रिट नं. २०६५-WO-०७६९, उत्पेषण परमादेश, *रामबाबु भण्डारी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** रि.नं. २०६७-WH-०००६, बन्दीप्रत्यक्षीकरण, *द्रौपदीदेवी गहतराज (तिवारी) वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

निवेदक सार्वजनिक अपराधको घटनास्थलमा उपस्थित नभएको भन्ने तथ्यमा विवाद नभएको भन्ने देखिएको र मिसिल संलग्न अन्य आधार प्रमाणबाट समेत निवेदकलाई केही सार्वजनिक अपराधको कसूरमा अनुसन्धान गर्नुपर्ने अवस्था नदेखिएको हुँदा विपक्षी जिल्ला प्रशासन कार्यालयबाट मुद्दा अनुसन्धानको लागि म्याद थप समेत गरी गैरकानूनी रूपले थुनामा राखेको देखिँदा बन्दी अवस्थामा रहेका निवेदकलनाई आजै थुनामुक्त गरिदिनु भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

३

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** साधक नं. २०६६-RC-००३६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मानबहादुर खत्री*

प्रतिवादी मानबहादुर खत्रीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान व्यहोरालाई निजको छोरा भविन्द्र खत्रीले दिएको जाहेरी एवं निजले अदालतसमक्ष गरेको बकपत्रबाट मृतक श्रीमती र यी प्रतिवादीबीचको सम्बन्ध अत्यन्त खराब रहेको भन्ने देखिएको र लास प्रकृति मुचुल्कामा देखिएको घाउ चोटको अवस्था एवं घटना वारदात छिपाउन प्रतिवादी स्वयंले गरेको क्रियाकलाप समेतका परिस्थितिजन्य प्रमाण समेतले निज प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साविती बयानलाई समर्थित गरी राखेको र मृतकको मृत्यु प्रतिवादी मानबहादुर खत्रीको कर्तव्यबाट भएको भन्ने तथ्य शंकारहित तवरले पुष्टि भएको विद्यमान स्थितिमा यी प्रतिवादी मानबहादुर खत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत : पुनाराम खनाल

इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम् ।

४

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** रिट नं. ०६५-WO-०७१३, उत्प्रेषण समेत, *मोहन बुढाथोकी वि. नानीमैया बुढाथोकी समेत*

मातहत अदालतमा विचाराधीन मुद्दालाई प्रभावित गर्ने गरी रिटक्षेत्रबाट हस्तक्षेप नगरिने भन्ने रिटसमबन्धी अधिकारक्षेत्रको मान्य सिद्धान्त नै हो । तसर्थ मुद्दा नै पुनरावेदन अदालत पाटनमा विचाराधीन भई फैसला अन्तिम भैनसकेको अवस्थामा शुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला कार्यान्वयनको विषयसँग सम्बन्धित प्रस्तुत निवेदनका आधारमा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

५

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** रिट नं. ०६४-WO-०५७३, उत्प्रेषण समेत, *जंगबहादुर न्यौपाने समेत वि.मनकुमारी न्यौपाने समेत*

दण्ड सजायको ४६ नं. बण्डा छुट्याउने प्रक्रियासँग सम्बन्धित रहेकोले प्रस्तुत विवादसँग सान्दर्भिक प्रावधानका रूपमा मान्न सकिने अवस्था देखिँदैन । त्यसैगरी दण्ड सजायको ४४ नं. ले दाखिल खारेज नामसारी सम्बन्धमा हदम्याद निश्चित गरी सो हदम्यादपछि दरखास्त परेको हकमा जरीवाना गरी दाखिल खारेज नामसारी गरिदिनु पर्ने अवस्था गरेकोतर्फ पुनरावेदन अदालतले विचार पुऱ्याएको देखिएन । तसर्थ कानूनमा स्पष्ट रूपमा व्यवस्था गरिएभन्दा फरक रूपमा अर्थ गरी फैसला कार्यान्वयनमा अवरोध सिर्जना हुने किसिमबाट भएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०५४।५।१३ को आदेश फैसला कार्यान्वयनसम्बन्धी विद्यमान कानूनी व्यवस्थाका साथै तत्सम्बन्धी मान्य सिद्धान्तको समेत प्रतिकूल देखिएको हुँदा सो आदेश बदर हुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

६

**स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** रिट नं. ०६३-WO-०७९१, उत्प्रेषण समेत, *शोभा भंगी वि. कौशल्या भंगी समेत*

अंश मुद्दाको फैसला कार्यान्वयनको कार्य सम्पन्न भैसकेको अवस्था र अपुताली हक कायम समेतका मुद्दाहरू बाँके जिल्ला अदालतमा विचाराधीन रही ती मुद्दाहरूको रोहमा न्याय निरूपण हुन सक्ने अवस्थाको विद्यमानता रहेबाट पनि ती मुद्दाहरूलाई प्रभावित गर्ने किसिमबाट यस अदालतले हस्तक्षेप गर्न नमिल्ने भएकोले निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. WO-०११७, उत्प्रेषण मिश्रित परमादेश समेत, *स्वस्तिक रोजिन एण्ड टर्पेन्टाइन ई. प्रा. लि. वि. जिल्ला वन कार्यालय, दैलेख समेत*

राष्ट्रिय वनको वन पैदावार बिक्री गरी राजश्व उठाउन पाउने अधिकार नेपाल सरकारलाई मात्र भएको, वन उपभोक्ता समूह सरकारको कुनै निकाय वा अङ्ग नभएको र यस्तो स्वशासित संस्थालाई आफ्नो सामुदायिक वनको वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने अधिकार भए पनि सरकारले उठाउन पाउने कर राजस्व उठाउन पाउने अधिकार नभएकोमा त्यस्तो संस्थालाई बुझाएको रकमलाई कर राजस्व बुझाएको मान्न मिलेन । निवेदक कम्पनीसँग नेपाल सरकारको जिल्ला स्थित निकाय जिल्ला वन कार्यालय दैलेखले एकपटकमात्र कर राजस्व लिएको देखिँदा, सरकारले निवेदकबाट दोहोरो कर असूल गरेको देखिएन । स्वेच्छिक रूपमा निवेदक कम्पनीले रकम दिने र वन उपभोक्ता समूहले लिने गरेको कार्यको जिम्मेवारी सरकारले लिन पनि सक्दैन । रकम लिने एउटा पक्ष वन उपभोक्ता समूहलाई निवेदकले विपक्षी समेत नबनाएको सन्दर्भमा सरकारले वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ अनुसार वन पैदावार बिक्री वितरण गर्न पाउने अधिकारअन्तर्गत निवेदक कम्पनीसँग करार सम्झौता गरी करार र नियमले निर्धारण गरेको दरमा लाग्ने राजस्व लिई संकलित खोटो उठाउन छूट पूर्जी दिएको कार्यमा कुनै त्रुटि भएको नदेखिने ।

इजलास अधिकृत लीलाराज अधिकारी

कम्प्युटर : मञ्जिता ढुगाना

इति संवत् २०६७ साल माघ ९ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. १२४६, हालैको बकसपत्र लिखत दर्ता बदर, *प्रेमा केवट वि. गौतम केवट*

पैतृक सम्पत्तिको रूपमा रहेको सम्पत्तिमध्ये कि.नं. ४८ र २०१ को जग्गा हालैको बकसपत्र गर्दा सगोलका अंशियारमध्येका एक वादीको मञ्जूरी नलिएको अवस्थामा सो लिखतलाई कानूनअनुरूपको लिखत ठहर गर्नु कानूनसम्मत् एवं न्यायसम्मत्  नहुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : मञ्जिता ढुंगाना

इति संवत् २०६७ साल मंसिर २९ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रा.डा. भरतबहादुर कार्की,** २०६५ सालको स.फौ.पु.नं. ०६५-CR-०२४५, भ्रष्टाचार, *नेपाल सरकार वि. कर्णबहादुर खड्का*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उजूरीकर्ता अशोकलाल श्रेष्ठलाई उपलब्ध गराइएका दशथान नोटमध्ये पाँच थान नोट प्रतिवादीको कार्यकक्षको टेवुलबाट

बरामद भएको, सो बरामदी मुचुल्काको व्यहोरा वादी पक्षका साक्षी राजन अधिकारी तथा कृष्णकुमार महतको किटानी बकपत्रबाट समर्थित भैरहेको तथा आफ्नो कार्यकक्षबाट नोटहरू बरामद भएको भन्ने तथ्य प्रतिवादीले समेत स्वीकार गरेको आधार एवं कारणबाट प्रतिवादीलाई दावीको कसूर गरेको नठहऱ्याई भ्रष्टाचारको आरोपबाट सफाइ दिने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०६५।५।१७ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भै प्रतिवादी कर्णबहादुर खड्कालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) को कसूरमा सोही दफाबमोजिम एक महिना कैद र बिगोबमोजिम रू. ५,०००।- (पाँचहजार) जरीवाना हुने।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : मञ्जिता ढुंगाना

इति संवत् २०६७ साल मंसिर २६ गते रोज १ शुभम्।

४

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रा.डा. भरतबहादुर कार्की,** २०६४ सालको रिट निवेदन नं. ०६६-WO-०७२६, उत्प्रेषण, परमादेश, *प्रकाशराज शर्मा समेत वि. कृषि तथा सहकारी मन्त्रालय समेत*

सहकारी ऐन, २०४८ को दफा, १३(३) ले सहकारी संस्थामा सो संस्थाको विनियमले उल्लेख भएबमोजिम विभिन्न प्रकृतिका सदस्य रहने व्यवस्था गरेको, सोही ऐनको दफा १६(२) मा सञ्चालक समितिको गठन एवं काम, कर्तव्य, अधिकार सम्बन्धित संस्था वा संघको विनियममा व्यवस्था भएबमोजिम हुनेछ भनी व्यवस्था भएको तथा विपक्षी सगुन सहकारी संस्थाको मिति २०५२।६।१ मा स्वीकृत भएको विनियमको दफा २३(६) लाई विपक्षी सहकारी विभागले सहकारी ऐन, २०४८ ले प्रदान गरेको अधिकारक्षेत्र बाहिर गई हाल आएर खारेज गरेको देखिँदा विपक्षी सहकारी विभागको मिति २०६४।४।२७ को निर्णय तथा सोअनुरूप भएका पत्र एवं कामकारवाहीहरू निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने र मिति २०६४।४।२७ को निर्णयअनुरूपको कामकारवाही नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल मंसिर २८ गते रोज ३ शुभम्।

५

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री प्रा.डा. भरतबहादुर कार्की,** २०६६ सालको रिट निवेदन नं. ०६६-WO-०८९२, उत्प्रेषण, परमादेश, *सम्पैत यादव वि. वन तथा भू संरक्षण मन्त्रालय समेत*

निवेदकलाई जिल्ला वन कार्यालय उदयपुरबाट जिल्ला वन कार्यालय बझाङ्गमा सरूवा गर्ने वन तथा भू-संरक्षण मन्त्रालयको निर्णयका सम्बन्धमा निवेदकलाई चित्त नबुझे निजलाई थप कानूनी उपचारको मार्ग अवलम्बन गर्न सामान्य प्रशासन मन्त्रालयमा जान सक्ने पर्याप्त अवसर रहँदारहँदै सो उपायको अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गर्ने निवेदकको कार्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) को भावनाअनुरूप समेत रहे भएको नदेखिने।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : मञ्जिता ढुंगाना

इति संवत् २०६७ साल मंसिर २८ गते रोज ३ शुभम्।

## इजलास नं. २

१

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको रि.नं. ०७०५, उत्प्रेषण, *शम्भुबहादुर बुढाथोकी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

मालसामान खरीद वा राशन सप्लाई आदि कार्यमा ज्यादाभन्दा ज्यादा प्रतिष्पर्धा गराई कम मूल्यमा Quality युक्त सामान खरीद सप्लाईका लागि बोलपत्र आव्हान गरिने हुँदा सार्वजनिक खरीद ऐनको दफा २७ अन्तर्गत सूचना दिएकै आधारमा निवेदकको सम्पत्तिसम्बन्धी हक सिर्जना भइसकेको भन्ने मान्न नसकिने हुन्छ। उक्त बोलपत्र रद्द गरेको कार्यले निवेदकहरूलाई अपूरणीय क्षति पुगी मौलिक हकको हनन् हुन गएको अवस्था नदेखिने।

इति संवत् २०६७ साल माघ २८ गते रोज ६ शुभम्।

२

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको सा.नं. RC-००२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रूद्रे बुढा*

प्रतिवादीले मृतकसँग झगडा भएपछि निजले मलाई पिर्काले हिर्काएको र मैले पनि मृतकलाई सोही पिर्काले हिर्काएको कारणबाट मृतक श्रीमतीको मृत्यु भएको हो भनी कसूर अपराधमा साविती भई अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष बयान गरेको देखिन्छ। मृतकलाई चोट प्रहार गरेको भनिएको पिर्कामा रगत लागेको र ढोकादेखि बाहिर समेत रगतको छिटा देखिएको भन्ने घटनास्थल प्रकृति

मुचुल्काबाट देखिएको छ । प्रतिवादीले काठको पिर्काले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गरी सोही चोटको कारणले निज गंगी बुढाको मृत्यु भएको देखिँदा प्रतिवादी रूद्रे बुढालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : विपनादेवी मल्ल

इति संवत् २०६७ साल पुस ३ गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको सा.नं. RC-००१८, कर्तव्य ज्यान, *नेपाल सरकार वि.बज्रबहादुर खड्का*

फौजदारी मुद्दामा कसूर प्रमाणित गर्ने भार वादीमा रहन्छ । कसूर प्रमाणित प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै प्रमाणबाट हुनसक्छ । यस मुद्दामा जाहेरवाला, मौकामा कागज गर्ने गंगाकुमारी, छलिमायाको बकपत्रबाट यी साक्षीहरू प्रत्यक्ष प्रमाण भन्ने देखिन्छ । यी व्यक्तिहरू घटना देख्ने व्यक्ति भन्ने देखिन्छ । कुनै काम वा घटनाबाट पीडित व्यक्ति वा काम घटना देख्ने व्यक्तिको गवाही प्रमाण ऐन, २०३१ को दफा १० अनुसार प्रमाणमा लिन हुने प्रमाण हो । यस मुद्दामा यी साक्षीहरू अकाट्य प्रमाण भएकोले यी साक्षीहरूको बकपत्रबाट कसूर प्रमाणित भएको देखिन्छ । मृतकको शरीरमा लागेको घाचोट तथा घटनास्थल मुचुल्काले प्रस्तुत वारदात घटेको र बज्रबहादुरको कुटाइको चोटबाट निजको मृत्यु भएको देखिन्छ । प्रतिवादीले आफ्नो अदालतको इन्कारी बयानलाई पुष्टि हुने गरी कुनै प्रमाण पेश गर्न सकेको समेत देखिँदैन । अन्य प्रमाणबाट निजको कसूर पुष्टि भैरहेको अवस्थामा इन्कारी बयानलाई पुष्टि हुने प्रत्यक्ष प्रमाणको अभावमा निजलाई बेकसूर मान्न नमिल्ने हुँदा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्म कैदको सजाय हुने ।

प्रतिवादीको उमेर, वारदात हुँदाको अवस्था समेतबाट माथि ठहर भएबमोजिम सर्वश्वसहित जन्मकैदको सजाय नगरी निज प्रतिवादी बज्रबहादुर खड्कालाई मुलुकी ऐन अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल पुस ३० गते रोज ६ शुभम् ।

४

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको WO-०८८०, उत्प्रेषण परमादेश समेत, *एभरेष्ट पोलिमर्स प्रा.लि. वि. उद्योग विभाग समेत*

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(प) मा ९० प्रतिशतभन्दा बढी विदेश निकासी गर्ने उद्योगले उत्पादनको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क निकासी गरेको परिमाणमा फिर्ता पाउने कानूनी व्यवस्था यथावत् कायम रहेको देखिन्छ । अन्तःशुल्क ऐन, २०५८ को कुनै प्रावधानले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(प) को प्रावधानलाई कुनै शर्त बन्देज नलगाएको र निवेदक कम्पनी उक्त सुविधा पाउन योग्य रहेको देखिएको समेत आधार कारणबाट एकद्वार समितिको मिति २०६४।६।२० को निर्णय तथा सोको आधारमा उद्योग विभागबाट तत्सम्बन्धमा विभिन्न मितिमा जारी भएका पत्रहरू कानूनप्रतिकूल देखिँदा निवेदकको हकमा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(प) बमोजिम निवेदक कम्पनीले फिर्ता पाउने अन्तःशुल्क फिर्ता दिनु भनी परमादेश समेत जारी हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल पुस २५ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६२ सालको फौ.पु.नं. ३४४०, जालसाज, *सत्यनारायण यादव समेत वि. सोगारथ यादव समेत*

विवादित घर जग्गामा प्रतिवादीको हकको स्रोत नदेखिएको तर मिति २०३५।१०।२८ को बण्डापत्रअनुसार वादीको हकमा देखिएको वादी दावीको जग्गाको चारकिल्लासँग हाल प्रतिवादीको भोग चलनमा रहेको न.नं. ७ र १० को घर जग्गाको चारकिल्ला मिले भिडेको रहे पनि न.नं. ७ र १० को घर जग्गालाई आफ्नो हो भनी प्रतिवादीहरूले बण्डापत्रमा समावेश गराई गा.वि.स. बाट सिफारिश गर्न लगाएको र सोहीअनुसार बण्डपत्र पारित गराएको कार्य जालसाजीपूर्ण देखिने ।

इजलास अधिकृत : कमलराज विष्ट

इति संवत् २०६७ साल कात्तिक ९ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६२ सालको दे.पु.नं. ८३०५, जग्गा खिचोला, *सत्यनारायण यादव समेत वि. सोगारथ यादव समेत*
- २०६२ सालको दे.पु.नं. ८३०६, बण्डापत्र लिखत बदर, *सत्यनारायण यादव समेत वि. सोगारथ यादव समेत*

२

**मा.न्या. श्री तपबहादर मगर र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८६६६, छूट जग्गा दर्ता, *छेदीलाल चौधरी वि. मालपोत कार्यालय उदयपुर समेत*

मालपोत ऐनले नै पुनरावेदनसम्बन्धी विशेष व्यवस्था गरी सो ऐनअन्तर्गत कुन दफाअन्तर्गतको के कस्तो निर्णयउपर पुनरावेदन लाग्ने भनी विधायिकाले प्रष्ट सीमारेखा कोरिदिएको अवस्थामा सो ऐनमा पुनरावेदन लाग्न सक्ने भनी छुट्ट्याएको विषयवस्तुभन्दा बढी कुरामा पुनरावेदन लाग्छ भनी यस अदालतबाट बोल्न नमिल्ने ।

निवेदकले दर्ता गरिपाऊँ भनी माग गरेको जग्गा मालपोत ऐन, २०३४ को दफा २(ख) अन्तर्गतको सरकारी जग्गा देखिएको र त्यस्तो जग्गा नेपाल सरकारको नाममा दर्ता भइसकेको समेत देखिएबाट मालपोत ऐन, २०३४ को दफा १४ बमोजिम व्यक्ति विशेषको नाममा दर्ता हुन नसक्ने ।

इजलास अधिकृत : कमलराज बिष्ट

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल पुस ५ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६५ सालको दे.पु.नं. ०१२२, निषेधाज्ञा, *छेदिलाल चौधरी वि. जिल्ला प्रशासन कार्यालय उदयपुर समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६३-CI-१०१५, दर्ता बदर दर्ता, *रीतादेवी साह वि. गौरीशंकरप्रसाद साह*

मुलुकी ऐन, जग्गा पजनीको २क नं बमोजिम लाग्ने दस्तूर तिरी आफ्नो हक हुन आएको जग्गा जहिलेसुकै दाखिल खारेज हुन सक्ने कानूनी व्यवस्था हुँदा जग्गा राजीनामा गरी लिएपछि तत्कालै दाखिल खारेज नगरेको भन्ने आधारमा कानूनबमोजिमको लिखतबाट विवादित जग्गामा कायम भएको वादीको हक समाप्त नहुने ।

प्रतिवादीले दाता रामजीवनबाट मिति २०५०।१०।२५ मा साविक लगत नं. १५/१ को जग्गाबाट राजीनामा पारित गराई लिएको ०-०-१० जग्गाको अस्तित्व नदेखिएको अवस्थामा दाता रामजीवनले कि.नं. ६१ को जग्गा कित्ताकाट गराई कायम भएको कि.नं. २१९ मा रहेको ०-१-१ जग्गाबाट कित्ताकाट गराई कायम भएको कि.नं. २२५ को ०-०-१० जग्गा प्रतिवादी रीतादेवी साहले गराएको दर्ता कायम रहन नसक्ने हुँदा उक्त कि.नं. २२५ को जग्गाको दर्ता बदर गरी वादीको नाममा दर्ता हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल असोज १९ गते रोज ३ शुभम् ।

- यसै लगाउको पुनरावेदन नं. ०६३-CI-१०१६, नक्सा पास निर्णय बदर, *रीतादेवी साह वि. गौरीशंकरप्रसाद साह* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री तर्कराज भट्ट,** २०६४ सालको दे.पु नं. ०६३-CI-०९७३, जग्गा खिचोला मेटाई चलन, *रोशनकुमार पाण्डे समेत वि. सुरेश मौआर*

२०२० सालमा यी प्रतिवादीहरूका पुर्खाहरू बीच बण्डा भएको र बण्डा हुँदा कुल जग्गा आधा-आधा गरी आधामध्येबाट आधा-आधा देवनन्दन र दामोदरको भागमा परेको र बाँकी रहेको आधा जग्गा २०२२ सालमा ७ नं. फाँटवारी भर्दा सुरेश मौआरले नै फाँटवारीमा देखाएको प्रतिवादीहरूले देखाउन नसकेको, बण्डापत्र हुँदाका बखत उक्त जग्गा किसुनवतीको अंश वा जीउनी हो भनी कहीं कतै उल्लेख नगरिएको, प्रतिवादीले प्रतिउत्तर जिकीरबाट खिचोला नगरेको भनी किटानीसाथ खण्डन गर्न नसकेको, साथै २०२२ सालमा ७ नं. फाँटवारी भर्दाका बखतमा, २०३६ सालमा नथुनी झाले सञ्जोलादेवीलाई राजीनामाबाट बिक्री गर्दाका बखतमा तथा २०५८ सालमा गा.वि.स.ले लिखत पारित गरिदिनको लागि मालपोत कार्यालयलाई सिफारिश गर्नु अघि सर्जमिन गर्दाका बखतमा समेत उक्त जग्गा सुरेश मौआरकै भोगचलनमा रहेको अवस्था समेत देखिन आयो । यसरी हेर्दा उक्त जग्गा २०५८ सालसम्म पनि यी वादी सुरेश मौआरकै भोग चलनमा रहिरहेको देखिन आएको समेतका आधार प्रमाणबाट तथा व्यवहार प्रमाणहरूबाट समेत

विवादित जग्गा सुरेश मौआरकै रहे भएको देखिएको यस्तो स्थितिमा वादी दावीको जग्गामा प्रतिवादीहरूले खिचोला गरेको ठहरिने।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल पुस १९ गते रोज २ शुभम्।

५

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको स.फौ.पु.नं. ०६५-CR-०३१२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. काजीबहादुर राई समेत*

मृतक रातको समयमा अचानक बिरामी परेकोले स्ट्रेचरमा राखी बोकी अस्पतालसम्म पुऱ्याएको अवस्था छ भने अस्पतालका अ.हे.व. ले लानुहोस् भनेकाले मृतकलाई उठाई पुनः घरमा लगेको अवस्था देखिन्छ। उक्त कुरालाई छुपाउनको लागि यी प्रतिवादीहरूले मात्र गुपचुपमा राखी लास जलाएको अवस्था नभई अन्य मलामीहरू समेत बोलाई दाहसंस्कार गरेको देखिँदा प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारेको र सो कुरा लुकाउनलाई प्रहरीलाई कुनै खबर नै नगरी दाहसंस्कार गरेको भन्ने कुरा विश्वसनीय देखिन आएन। मृतक सरीता राईलाई कर्तव्य गरी मारेको हो भनी किटानी जोहेरी दिने जाहेरवालाले आफ्नो जाहेरीलाई अदालतमा उपस्थित भै पुष्टि गर्न सकेको समेत पाइएन। मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने अन्य परिस्थितिजन्य प्रमाणहरू समेत नभएको अवस्थामा ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सजाय गरिपाऊँ भन्ने वादी दावी पुग्न नसक्ने भै प्रतिवादीहरूले सफाइ पाउने।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल पुस २० गते रोज ३ शुभम्।

६

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको स.फौ.पु.नं. ०६४-CR-०३७६, कर्तव्य ज्यान, *नेपाल सरकार वि रञ्जित घले गुरुङ्ग समेत*

प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साविती बयान र अनुसन्धान तहकीकातको सिलसिलामा बुझिएका अमीत घले, भावना श्रेष्ठ समेतले व्यक्त गरेको भनाई व्यहोराअनुसार मृतकले मादक पदार्थ सेवन गरी रेष्टुरेण्टका वेटर तथा डान्सरलाई जिस्क्याएको निहूँमा रेष्टुरेण्टका बाउन्सर यी प्रतिवादी रञ्जित घलेसँग झगडा भै कुटपीटको घटना वारदात घटेको भन्ने देखिन आउँछ। सोबाहेक मृतकसँग यी प्रतिवादीको पूर्व जानपहिचान अथवा रिसइवी रहे भएको मिसिलबाट देखिन आउँदैन। घटनाको प्रत्यक्षदर्शीहरूको भनाई र वारदातको प्रकृति हेर्दा घटना वारदात नियोजित अथवा पूर्व मनसायपूर्वक भै घटेको भन्न सकिने अवस्था देखिँदैन। लासजाँच प्रकृति मुचुल्काबाट पुनरावेदनमा जिकीर गरेअनुरूप मृतकको शरीरमा धेरै चोटपटक परे भएको पनि देखिँदैन। घटना प्रकृतिलाई हेर्दा लुकी चोरीकन हानेको अवस्था पनि देखिन आएन। साथै कुनै जोखिमी हतियार उठाई हानेको स्थिति पनि छैन। मृतकले सिटीहर्ट डान्स रेष्टुरेण्टमा काम गर्ने वेटर तथा डान्सर केटीलाई जिस्क्याउने र चलाउने गरेकोले प्रतिवादीसँग झगडा भई उसै मौकामा उठेको रिस थाम्न नसकी हात तथा लात मुक्काले हानेको अवस्था देखिन्छ। यस्तो स्थितिमा ज्यान मर्न गए स्वाभाविक रूपमा ज्यानसम्बन्धी महलको १४ नं. नै आकर्षित हुने।

प्रतिवादी तत्काल फरार रहेतापनि अदालतमा उपस्थित भै बयान गर्दा वारदात हुँदाको अवस्थामा आफू वारदातस्थलमा नभएको भनी कसूर गरेमा इन्कारी बयान गरेको अवस्था देखिन्छ। निजका साक्षीले निज कसूरदार होइनन् भनी लेखाई दिएको अवस्था छ। जाहेरवालालगायत मृतकका साथमा रहेका अन्य व्यक्तिहरू अदालतमा उपस्थित भै यी विकास सापकोटा समेत भैं कुटपीट गरेको भनी किटानीसाथ लेखाई दिन सकेको अवस्था पनि छैन। यी प्रतिवादी समेत भै मृतकलाई कुटपीट गरेको भन्ने कुरा अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको अवस्था पनि नदेखिने हुँदा सफाइ पाउने।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल पुस २० गते रोज ३ शुभम्।

७

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको स.फौ.पु.नं. ०६५-CR-००५३, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. दीकपाल राई समेत*

प्रतिवादीहरूले पीडितलाई घेरा हाली बाटो ढुकी छुरा प्रहार गरको र सो छुरा भाँच्चिन गै निजकै शरीरमा रहेको भन्ने देखिन्छ। यस्तो अवस्थामा पीडित भूईमा लडेको र छुरा भाँच्चिन गै पीडितको शरीरमा नै अड्किन गएकोले तत्काल ज्यान मर्न पाएको रहेनछ भन्ने देखिन आयो। ज्यान

मार्ने उद्योग स्थापित हुनको लागि तेस्रो तत्वको आकस्मिक उपस्थिति हुनुपर्दछ भन्ने सिद्धान्तहरू समेत प्रतिपादन भैरहेको र तेस्रो तत्व सदैव मानिस नै उपस्थित हुनु पर्दछ भन्ने अवस्था रहन्न । मानिस बाहेक अन्य परिस्थिति सिर्जना भए पनि आकस्मिक रूपमा उपस्थित भै ज्यान मर्न नपाएको स्थिति हुनुपर्ने हुन्छ । यसर्थ प्रतिवादीले घाइतेउपर चक्कु प्रहार गर्दा भाँच्चिन गै उक्त चक्कुको आधा भाग पीडितको शरीरमा नै अड्किन गएको अवस्थालाई प्रस्तुत मुद्दाको विशिष्ट स्थिति मान्नुपर्ने हुन आयो । यसबाट प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितउपर प्रहार गरेको चक्कुको आधा भाग पीडितको शरीरमा नै अड्किन गएको अवस्थालाई आकस्मिक रूपमा तेस्रो तत्वको उपस्थिति भै ज्यान मर्न पाएको रहेनछ भनी मान्नुपर्ने ।

न्यूनतम्देखि अधिकतम् हदको सजायको व्यवस्था गरिएको अवस्थामा विवेक प्रयोग गर्ने ठाउँ रहने नै हुन्छ । विवेक प्रयोग गर्ने कुरा मनोगत नभई कारणसम्मत् पनि हुनुपर्छ । यसमा घटना वा वारदात हुनुको कारण, घटनाको प्रकृति र कसूर अपराध गर्ने व्यक्तिको उमेर समेतका कुराहरू र अवस्थाहरू प्रासंगिक हुने हुन्छन् । अर्कोतिर अधिकतम् सजाय गर्दा मात्र कानूनको आसय पूरा हुने अथवा सजाय गरेको हुने पनि होइन । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा प्रतिवादी दीपकलाल राइको उमेर १७ वर्षको भन्ने देखिन्छ भने महिलालाई जिस्क्याएको निहूँमा झगडा भई वारदात घट्न गएको भन्ने पीडितको भनाइबाट देखिन आउँछ । यसरी प्रतिवादीको उमेर र घटना प्रकृतिको तत्कालको अवस्था समेतलाई मनन् गरी हेर्दा शुरूको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत विराटनगरको फैसला मिलेकै देखिँदा त्यसमा कुनै परिवर्तन गरिरहनु नपर्ने ।

प्रतिवादी निकेश राइले पीडित अजीत राईलाई प्रत्यक्ष रूपमा छुरा प्रहार गरेका हुन् भन्ने कुरा दिकपाल राइको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साविती बयानबाट पनि देखिन आएको छैन । यिनले पनि छुरा प्रहार गरेका हुन् भनी प्रत्यक्ष रूपमा देख्ने प्रत्यक्षदर्शीको भनाई पनि उल्लेख भएको छैन । त्यस्तै यी प्रतिवादीले पनि सो कार्य गरेका हुन् भनी प्रत्यक्ष रूपमा देख्ने प्रत्यक्षदर्शीको भनाई पनि उल्लेख भएको छैन । त्यस्तै यी प्रतिवादीले पनि सो कार्य गरेका हुन् भनी प्रमाणित हुने अन्य कुनै ठोस प्रमाण पनि घटनास्थलमा प्राप्त हुन सकेको छैन । यस्तो स्थितिमा निजले ज्यानसम्बन्धभी महलको १५ नं. बमोजिमको कसूर गरेको अवस्था नदेखिएको हुँदा निजलाई ऐ. १५ नं. बमोजिम सजाय हुनु पर्दछ भन्ने नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल पुस २० गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. २६१०, उत्प्रेषण, परमादेश, *ज्ञानबहादुर चन्द वि. शिक्षक सेवा आयोग, समेत*

२०६२।२।६ को बढुवा निर्णयउपर छानबीन गर्दा निवेदक ज्ञानबहादुर चन्दले कूल ८७ अङ्क प्राप्त गरेको र पछिल्लो बढुवा सूचीमा नाम समावेश भएका विपक्षीमध्येका बढुवा पाउने शिक्षक तुलसीराम उपाध्यायले ८७.८३ अङ्क प्राप्त गरेको कुरा संलग्न बढुवा मूल्याङ्कन फारामबाट देखिन आयो । यसरी कानूनबमोजिम प्रकाशन भएको बढुवा सूचना नामावलीउपर परेको उजूरी आयोगबाट छानबीन हुँदा अघिल्लो बढुवा नामावलीको सूचीमा बढुवा भएका शिक्षक ज्ञानबहादुर चन्दको भन्दा बढी अङ्क विपक्षीमध्येका शिक्षक तुलसीरामले प्राप्त गरेको कुरा स्पष्ट देखिएको र निजले त्यति नम्बर पाउनुपर्ने होइन भनी निजलाई समेत विपक्षी बनाई निवेदन दिएको अवस्था नहुँदा त्यसतर्फ विचार गरिरहन परेन । निवेदकले प्राप्त गरेको अङ्क ८७ मध्ये कार्यसम्पादनमा पाएको नम्बरमा विपक्षीले आफ्नो पक्षमा अनुमान गरेको बाहेक सो अङ्क पारदर्शी रूपमा सबैले हेर्न र देख्न पाउने अवस्था पनि भएन । योग्यतातर्फ बि.एड्को अङ्क पाउनुपर्ने भन्ने जिकीरसम्बन्धमा निजको बि.एड् डिग्रीको नम्बर प्राप्त गरेको भन्ने यकीन प्रमाणको अभावमा निजले योग्यताबापत ८ अङ्क मात्र प्राप्त गरेको मिसिलबाट देखिएको अवस्थामा निवेदकको संविधानप्रदत्त मौलिक हक विपक्षीहरूबाट हनन् गरी निवेदकलाई अन्याय गरेको भनी मान्न संविधान एवं प्रचलित कानूनअनुसार मिल्ने नदेखिने ।

इजलास अधिकृत : दयाराम ढकाल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल मंसिर ७ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. २८८४, उत्प्रेषण, परमादेश समेत, *हरेराम ठाकुर समेत वि. भिखारी ठाकुर हजाम समेत*

लेनदेन मुद्दामा खडा भएको कपाली तमसुक गर्ने बखत निवेदकमध्येका राधेश्याम ठाकुर तथा हरेराम ठाकुर १२ वर्षभन्दा कम उमेरका भई नाबालक नै रहेको देखिँदा त्यस्तो नाबालकको सम्पत्ति संरक्षण गर्नेसम्बन्धमा दण्ड सजायको २६ नं. मा भएको कानूनी व्यवस्था तथा सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको परिप्रेक्ष्यमा तिनीहरूको सम्पत्ति पर सारी लिलामसम्बन्धी कार्य गर्नुपर्नेमा सो समेत नगरेको विपक्षीको कामकारवाही प्रचलित नेपाल कानून तथा सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त समेतको प्रतिकूल देखिँदा नाबालकको हकमासम्म भएको लिलामी कार्य उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत : दयाराम ढकाल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल मंसिर ७ गते रोज ३ शुभम्।

३

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. ३१२३, उत्प्रेषण, परमादेश, *अमरबहादुर बुढामगर वि.केशव घर्ति समेत*

कानूनबमोजिम बढुवा पुनरावलोकन भई बढी अङ्क प्राप्त गर्ने व्यक्तिहरूलाई बढुवामा समावेश गरी कम अङ्क प्राप्त गरेका निवेदकलाई उजूरी छानबीन पछि बढुवा सूचीबाट हटाएको कुराबाट निवेदकको संविधानप्रदत्त हकमा असर परेको भनी मान्न सकिने अवस्था पनि रहेन। अर्कोतर्फ बहसको क्रममा विद्वान सहन्यायाधिवक्ता श्री राजेन्द्र पोखरेलले निवेदक अमरबहादुर बुढामगर विज्ञापन नं. ००३/०६६/६७ मिति २०६७।१।८ को निर्णयानुसार नि.मा.वि. द्वितीय तहमा २०६७।२।१४ देखि जेष्ठता कायम हुने गरी बढुवा भइसकेको भनी शिक्षक सेवा आयोग सानोठिमी भक्तपुरको च.नं. ११३८ मिति २०६७।२।१७ को पत्र पेश गर्नु भएको र सो कुरालाई निवेदककातर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री गौबहादुर आलेले इन्कार नगर्नु भएको स्थितिमा निवेदकको बढुवा भै निवेदन निष्प्रयोजन भैसकेको हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : दयाराम ढकाल

इति संवत् २०६७ साल मंसिर ७ गते रोज ३ शुभम्।

४

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** ०६४-WO-०८८९ सालको रिट नं. ३१२३, उत्प्रेषण मिश्रित परमादेश, *अङ्गबहादुर मल्ल ठकुरी वि. जिल्ला प्रहरी कार्यालय, हनुमानढोका समेत*

निवेदकलाई प्रहरी कर्मचारीले आचरणविपरीत कार्य गरेको अभियोगअनुसार प्रहरी ऐन र नियमावलीले निर्दिष्ट गरेको प्रक्रियाको अवलम्बन गरी आधिकारिक निकायको अख्तियार प्राप्त अधिकारीबाट भएको निर्णयानुसार अवकाश दिएको कारवाहीमा कानूनी त्रुटि देखिन आएन। साथै यसबाट निवेदकको कानून र संविधानप्रदत्त हकमा आघात परेको नदेखिने।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ भदौ २१ गते रोज २ शुभम्।

५

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५ सालको फौ.पु.नं. ०५८९, जबर्जस्ती करणी, *नेपाल सरकार वि. कमलप्रसाद समाल*

प्रतिवादीले करणी गर्दा रोहबरमा कोही नभएको भन्ने नभई प्रतिवादीको करणीको कार्यको परिणामबाट पीडित अपाङ्ग भएको कारणले अज्ञानता रहने हुँदा यस्तोमा सहमतिले कुनै अर्थ राख्दैन र मान्यता हुँदैन भन्ने दर्शाउन खोजिएको हो। पीडितको सहमति वा मञ्जूरीले करणी भएको भए पनि त्यसले कानूनी मान्यता प्राप्त गर्न नसक्ने अवस्था एकातर्फ छ भने यहाँ त पीडितको बकपत्र समेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले जबर्जस्ती करणीको वारदात घटाएको प्रमाणित हुन आएको छ। यसर्थ प्रतिवादीले दुई, चार, रूपैयाँ दिने र खैनी खाने प्रलोभन समेत देखाई यसपूर्व पनि पीडित अपाङ्ग रहेको फाइदा उठाई जबर्जस्ती करणी जस्तो घृणित अपराध गरेको स्वीकारेको अवस्थामा यस वारदातमा पीडितको सहमतिमा करणी गरेको भन्ने निजको जिकीर निर्दोषिताको प्रमाणको रूपमा स्वीकार्य देखिन नआउँदा प्रतिवादीलाई अभियोग दावीबमोजिम मुलुकी ऐन जबर्जस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद हुने र ऐ.को १० नं. बमोजिम पीडितले कानूनबमोजिम अंश भराई पाउने।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६७ असार २३ गते रोज ४ शुभम्।

६

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री सुशीला कार्की,** ०६६-CR-००२२ कर्तव्य ज्यान, *रामबहादुर विश्वकर्मा वि. नेपाल सरकार*

प्रतिवादीको साविती बयानलाई मिसिल संलग्न शव परीक्षण प्रतिवेदन, लास प्रकृति मुचुल्का, जाहेरवाला एवं मौकामा कागज गर्ने व्यक्तिहरूको बकपत्र समेतले पुष्टि गरेको हुँदा निज प्रतिवादी रामबहादुर विश्वकर्माले नीरबहादुर विश्वकर्मालाई कर्तव्य गरी मारी ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. को १३(१) नं. बमोजिमको कसूर अपराध गरेको पुष्टि हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसूर गरेकाले १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने।

आफ्नो कन्या छोरीलाई मृतकले आफ्नो सालालाई सौतामाथि दोस्रो विवाह गराई दिएको कुरा सुन्नासाथ उठेको रिसका कारण खुकुरी प्रहार गरी मारेको देखिँदा वारदात हुँदाको अवस्था परिस्थिति समेतलाई दृष्टिगत गरी प्रतिवादीलाई सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिँदा भनी कैद वर्ष १० हुन मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम व्यक्त पुनरावेदन अदालत राजविराजको राय मनासिब देखिँदा सोही राय सदर कायम हुने।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ कात्तिक २४ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री ताहिर अली अन्सारी,** ०६६-CI-००२४, निषेधाज्ञा, *महावीर दास वि. देवनारायण यादव समेत*

निवेदक प्रधानाध्यापक समेतको हैसियतमा कायम रहेको नदेखिएको तथा विद्यालय व्यवस्थापन समितिको निर्णयबमोजिम प्रत्यर्थी उर्मीला बर्मा निमित्त प्रधानाध्यापक भई निजले सो पदको कार्य सञ्चालन गरिसकेको देखिँदा सम्पन्न भइसकेको कार्यका सम्बन्धमा निवेदकको मागबमोजिम निषेधाज्ञा जारी हुन नसक्ने।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर ९ गते रोज ५ शुभम्।

२

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री ताहिर अली अन्सारी,** ०६३-CR-०६१२, अदालतको अपहेलना, *महादेव महतो धानुक वि. महन्थ महतो धानुक समेत*

जुन निषेधाज्ञा मुद्दामा जारी भएको अन्तरिम आदेशको विपक्षीले अपहेलना गर्‍यो भन्ने प्रस्तुत दावी छ सो निषेधाज्ञा खारेज हुने ठहरी सकेपछि सो मुद्दामा जारी भएको अन्तरिम आदेश पनि स्वत: निष्क्रिय हुन जाने हुनाले यस्तो अवस्थामा सो अन्तरिम आदेशको अपहेलना गर्‍यो भन्ने दावी पुग्न नसक्ने।

इजलास अधिकृत : पुष्पराज थपलिया

इति संवत् २०६७ साल मंसिर ९ गते रोज ५ शुभम्।

३

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री ताहिर अली अन्सारी,** ०६६-CI-१०८५, निषेधाज्ञा, *महादेव महतो धानुक वि. महन्थ महतो धानुक समेत*

पुनरावेदक दावीको जग्गामा कानूनबमोजिम मोही नै कायम नरहेको अवस्थामा खेती गर्ने, बाली लगाउने लगायतका अधिकार निजमा नरहेकोले निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने भै निवेदन दावी खारेज हुने।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर ९ गते रोज ५ शुभम्।

४

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री ताहिर अली अन्सारी,** ०६६-CI-०४२९, निषेधाज्ञा, *राजकुमार बिमली वि. दीपज्योति एजुकेशन फाउण्डेशन समेत*

पुनरावेदक निवेदकलाई विद्यालय सञ्चालन गर्न दिएको भनिएको निर्णयको कार्यान्वयन नभएको सम्बन्धमा मुद्दा विचाराधीन रहेको र निज विद्यालयको एकल सञ्चालक रहेको भन्ने तथ्य नै निर्विवाद रूपमा स्थापित हुन नसकेको अवस्थामा निषेधाज्ञायुक्त परमादेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर ९ गते रोज ५ शुभम्।

५

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री ताहिर अली अन्सारी,** ०६५-CI-०८१८, निषेधाज्ञा, *नानी मयजु सिलाकार (सिकर्मी) समेत वि. पुरूषोत्तम खड्का*

जिल्लामा शान्ति सुरक्षा कायम गर्ने अधिकार स्थानीय प्रशासन ऐन, २०२८ ले निश्चय नै जिल्ला प्रशासन कार्यालयमा भएकोमा विवाद छैन । पुनरावेदन अदालतको आदेशले त्यसमा कुनै रोक लगाएको अवस्था पनि छैन । अचल सम्पत्तिसम्बन्धी विवाद हेर्ने क्षेत्राधिकार जिल्ला प्रशासन कार्यालयलाई कुनै कानूनले प्रदान गरेको छैन । यस्तो अवस्थामा अचल सम्पत्तिको विवादको विषयमा निवेदन लिई कारवाही गरेको कार्य आफ्नो अधिकार नाघी गरेको देखिन आएको हुँदा क्षेत्राधिकार बाहिर गई कारवाही नगर्नु नगराउनु भनी पुनरावेदन अदालतबाट विपक्षीहरूका नाममा निषेधाज्ञा जारी गर्ने गरेको फैसलामा कुनै त्रुटि नदेखिएकोले उक्त फैसला परिवर्तन गरिरहन नपर्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर ९ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री ताहिर अली अन्सारी,** ०६६-CI-०४६४, निषेधाज्ञा, *अनीलप्रसाद प्याकुरेल वि. शारदाकुमारी प्याकुरेल समेत*

अंश मुद्दाको फैसलाको कार्यान्वयन क्रममा निवेदकलाई उपस्थित हुन काठमाडौं जिल्ला अदालतबाट सूचना पठाएको निवेदनबाटै देखिएकोले कुनै सम्पत्तिमा बण्डा छुट्टयाउन नपर्ने भए सो कुरा सोही अदालतमा निजले प्रतिवाद गर्नसक्ने अवस्था विद्यमान रहेको र सर्वोच्च अदालतबाट समेत अन्तिम भएको फैसलाको कार्यान्वयनको कामकारवाहीलाई असर पर्ने गरी निषेधाज्ञा जारी गर्नु न्यायसंगत नहुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर ९ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री ताहिर अली अन्सारी,** ०६४-CI-०८६६, निषेधाज्ञायुक्त परमादेश, *सेमन्तराज चापागाई समेत वि. दिनेश नकर्मी समेत*

विवादित जग्गा एवं मन्दिर घर नाथेश्वर गुठीमा दर्ता रहेको र निवेदकहरू त्यसक्षेत्रका टोलवासी भै मन्दिरमा पूजाआजा गर्दै आएका मानिसहरू भएकोले सो जग्गा एवं मन्दिरसँग निजहरूको सार्थक सम्बन्ध र सरोकार रहे भएको हुँदा त्यस्तो जग्गा दर्तासम्बन्धी जानकारी राख्न पाउने र सोसम्बन्धी कागजातको नक्कल माग्ने अधिकार निजहरूलाई छैन भनी मान्न मिल्ने देखिँदैन । पुनरावेदक गुठी संस्थान गुठीसम्बन्धी जग्गाको रेखदेख र व्यवस्थापन गर्ने सार्वजनिक जवाफदेही भएको निकाय भएकोमा कुनै विवाद छैन । प्रत्यर्थीहरूले माग गरेअनुसारको जग्गा दर्तासम्बन्धी कागजातहरूको नक्कल निजहरूले प्राप्त गर्दैमा र पुनरावेदकले नक्कल उपलब्ध गराउँदैमा पुनरावेदकको हक अधिकारमा वा सो जग्गाको स्वामित्वसम्बन्धी कुरामा विपरीत असर पर्ने देखिँदैन । यस्तो अवस्थामा दावीको जग्गा दर्तासम्बन्धी कागजातको प्रतिलिपि माग्न आएमा कानूनबमोजिम नक्कल दिनु भनी पुनरावेदकहरूको नाममा परमादेश जारी गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसलामा कुनै त्रुटि नरहेकोले सो फैसला परिवर्तन गरिरहनु नपर्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर ९ गते रोज ५ शुभम् ।

८

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. २६७५, उत्प्रेषण परमादेश, *शंखनारायण महर्जन वि. प्र.मं. तथा मन्त्रिपरिषद् कार्यालय समेत*

निवेदकले दावी लिएको खोलामा परी २०२५ सालमा उकास भएको कि.नं. १३५ को जग्गा सरकारका नाउँमा २०४४।९।२ मा दर्ता भइसकेपछि २०५४।१०।६।२ मा मालपोत कार्यालयमा दर्तासम्बन्धी कारवाही चलाएको र २०५९।१२।५ मा सो दर्तासम्बन्धी निवेदन तामेलीमा राखी सकेपछि २०६२।५।२१ मा अनुचित बिलम्ब गरी परेको प्रस्तुत निवेदनमा अब विचार गर्न नमिल्ने समेत हुँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल मंसिर ६ गते रोज २ शुभम् ।

९

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रेम शर्मा,** २०६३ सालको रिट नं. ३३३०, उत्प्रेषण परमादेश, *तन्त्रमुनि ब्रम्हचार्य वि. उर्मीला ताम्राकार समेत*

निवेदकले संविधान एवं कानूनद्वारा प्रदत्त आफ्नो कुन हकमा आघात परेको भनी वस्तुनिष्ठ रूपमा निवेदनमा

उल्लेख गर्न नसकेको र विपक्षी ललितपुर उपमहानगरपालिकाको निर्णयमा यी निवेदकलाई चित्त नबुझेको भएमा निजले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ बमोजिम पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न पाउने प्रभावकारी एवं वैकल्पिक उपचारको बाटो उपलब्ध रहेको हुँदा प्रस्तुत विषयमा यस अदालतले असाधारण क्षेत्राधिकार ग्रहण गरी निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर ६ गते रोज २ शुभम्।

१०

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रेम शर्मा,** २०६१ सालको रिट नं. ३७३७, उत्प्रेषण मिश्रित परमादेश, *बुद्धिलाल महर्जन वि. प्र.मं. मन्त्रिपरिषद्को कार्यालय समेत*

मोही कायम हुनको लागि भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ को अवस्था विद्यमान भई भूमिसम्बन्धी नियमहरू, २०२१ मा उल्लिखित मोहीको १ नं. लगत भरेको, २ नं. अनुसूची प्रकाशन भएको, ४ नं. जोताहा अस्थायी निस्सा पाई त्यसमा विवाद नभई ३ नं बमोजिमको मोहियानी हकको प्रमाणपत्र पाएको हुनुपर्दछ। तर निवेदकको सौतेनी आमाले मोही कायम गर्नको लागि उक्त कुनै पनि कारवाही चलाएको भन्ने नदेखिँदा निवेदकको सौतेनी आमा उक्त जग्गाको लगतमा मोही देखिने तथ्य र प्रमाणको अभावमा निजको आमाले नै मोही हक पाउन नसक्ने अवस्थामा छोरा यी निवेदकको मोही हक कायम गर्न नमिल्ने।

निवेदकले जग्गाधनी भनी दावी लिएको गुठी संस्थान ऐन, २०३३ को दफा २(ङ) बमोजिम छूट गुठी भएको देखिएको र गुठी संस्थान ऐन, २०३३ को दफा १९ बमोजिम छूट गुठी राजगुठीमा परिणत भई छूट गुठीको सबै अधिकार गुठी संस्थानमा सरेको देखिँदा छूट गुठीको अधिकार गुठी संस्थानमा सरी सकेपछि उक्त गुठीले त्यस्तो सिफारिश गरी दिन कानूनले मिल्ने हुँदैन। आफ्नो अधिकार समाप्त भइसकेपछि दिएको त्यस्तो सिफारिश अधिकारक्षेत्रविहीन भएको र त्यस्तो अधिकार नभएको अवस्थामा दिएको सिफारिश प्रभावशून्य भई मान्य हुन नसक्ने।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल कात्तिक २९ गते रोज २ शुभम्।

११

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. ३२३८, उत्प्रेषण, *मु.स. गर्ने नन्दकुमारी बराल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

एकपटक कारवाही आरम्भ गरी नामसारी दर्ता गर्न छूट जग्गा दर्ता समितिमा पेश गर्ने निर्णय भई समितिमा पेश भइसकेको निवेदन दावीको जग्गाको सम्बन्धमा सबूद प्रमाणको आधारमा कि.नं. १२६ को जग्गामा निजको साविक दर्ता तिरो मोठभित्रको जग्गा घुसेको हो वा होइन र दर्ता गर्न मिल्ने होइन भनी निर्णय नगरी पर्ति जग्गा सरकारका नाउँमा दर्ता भइसकेकोले कारवाही गर्न नमिल्ने भनी भएको मालपोत कार्यालय भक्तपुरको मिति २०६२।९।३ को निर्णय कानूनअनुकूल नहुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

निवेदकले पेश गरेको मोठ, साविक दर्तालगायत जे जो प्रमाणहरू बुझ्नु पर्ने हो बुझी निजले दावी गरेबमोजिम निजको हकको जग्गा कि.नं. १२६ को पर्तिमा घुसेको हो होइन र दर्ता गर्न मिल्ने हो होइन सो समेतका विषयमा कानूनबमोजिम प्रमाण बुझी मालपोत ऐन, २०३४ को दफा ७(२) बमोजिम निर्णय गर्नु भनी मालपोत कार्यालय भक्तपुरको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल कात्तिक ३० गते रोज ३ शुभम्।

१२

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री रणबहादुर बम,** २०६६-CI-०२४५, अपुताली हक कायम, *गयाप्रसाद कुर्मी वि. भग्गन कुर्मी*

प्रतिवादीको पुस्तावारी तथा अपुताली पाउने हकदार समेतका सम्बन्धमा विवाद नउठाई जगदी कुर्मीको हेरविचार तथा औषधि उपचार म प्रतिवादीले गरेको र निज जगदी कुर्मीनी जीवित छँदा आफूबाट लिएको ऋण विपक्षीले तिर्न इन्कार गरेको हुँदा लेनदेन मुद्दा दायर गरेकोले ऋण चुक्ता भएपछि बाँकी सम्पत्तिमा वादीले अपुताली पाउने भन्नेसम्म प्रतिवाद गरेको देखिन आउँछ। वादी र प्रतिवादी समेतले देखाएको पुस्तावारीअनुसार मृतकहरू जगदी र निजका छोरा नन्कु समेतको सबभन्दा नजिकको हकवाला यी वादी प्रतिवादीहरू नै रहेको देखिएको र निज जगदी र निजको छोरा नन्कु समेतको सबभन्दा नजिकको हकवाला यी

वादी प्रतिवादीहरू नै रहेको देखिएको र निज जगदी नन्कुको अन्य कुनै छोराछोरी समेत नरहेको हुँदा अपुतालीको २ नं. अनुसार निजहरूको अपुताली हक कायम हुने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर २ गते रोज ५ शुभम् ।

१३

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री रणबहादुर बम,** २०६६-CI-०२४३, ०२४४, लेनदेन जालसाज, *याकुब अली शेष वि. भग्गन कुर्मी, गयाप्रसाद कुर्मी वि. भग्गन कुर्मी*

रेखा विशेषज्ञको राय प्रतिवेदनबमोजिम २०५४।१।२० को कारणी जगदीले गरी दिएको कपाली तमसुकमा परेको ल्याप्चेका रेखाका गुण स्पष्ट नभई भिडाई यकीन गर्न नसकिने भनी उल्लेख भएको देखिँदा यस्ता अस्पष्ट ल्याप्चे भएको लिखतलाई अदालतले प्रमाणमा लिन मिल्ने हुँदैन । कारणीको स्पष्ट ल्याप्चे नभएको कारण त्यस्तो लिखत मुलुकी ऐन, कागज जाँचको महलको ५, ६ र ७ नं.बमोजिम प्रमाणमा लगाउन र त्यस्तो लिखतबाट इन्साफ गर्न नमिल्ने हुनाले त्यस्तो प्रमाण नलाग्ने लिखतबाट लेनदेनको साँवा ब्याज भराई दिन नमिल्ने ।

जगदीले गरी दिएको भनी वादीले पेश गरेको उक्त २०५४।१।२० को कपाली तमसुकमा लागेको ल्याप्चे रेखा विशेषज्ञको जाँच प्रतिवेदनबाट निज जगदीको ल्याप्चे सहीछाप नठहरी निज वादीले नभए नगरेको काम कुरा भए गरेको भनी दावी लिएको भए निजले जालसाजी गरेको ठहर गर्न सकिन्थ्यो । तर निजले प्रमाणस्वरूप पेश गरेको सो लिखतमा लागेको निज जगदीको ल्याप्चे सहीछाप स्पष्ट नभई जाँच गर्न नसकिने भई निजको सहीछाप हो होइन भनी यकीन गर्न नसकिने अवस्थाको ठहरेको र यस्तो लिखतलाई प्रमाणमा नै लिन नमिल्ने देखिएको अवस्थामा निज वादीले जालसाजी गरेको ठहर्न आउँदैन र यस्तो अवस्थामा निजलाई कीर्ते कागजको १० नं बमोजिम सजाय गर्न समेत नमिल्ने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर २ गते रोज ५ शुभम् ।

१४

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** ०७४-CI-०३६७, लिखत दर्ता बदर, *सुमित्रा कार्की वि. निर्मला थापा समेत*

वादी समेतको हक लाग्ने जग्गा बिक्री गर्दा निजको मञ्जूरी नलिई गरी दिएको मिति २०५८।१०।१७ को लिखत कानूनसम्मत नदेखिएकोले सो लिखतको ३ भागको १ भाग वादीको हक जति लिखत बदर हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल मंसिर ७ गते रोज ३ शुभम् ।

१५

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री सुशीला कार्की,** ०६६-CI-०८३२, निर्णय बदर मोही नामसारी दर्ता समेत, *चन्द्रनाथ कुस्ले समेत वि. हेमराज सुवेदी समेत*

प्रचलित कानूनले मोही हक प्राप्त गर्नसक्ने स्पष्ट व्यवस्था गरेको नदेखिए कुनै गुठी जग्गाको निश्चित् काम गरेबापत भोग गर्न पाउनेसम्म भनी लिखत भएको अवस्थामा निजलाई सो जग्गाको मोही कायम गर्न मिल्ने हुँदैन । कानूनबमोजिम मात्र मोही हक प्राप्त हुन सक्ने हुन्छ । यस्तो अवस्थामा वादीहरूका पिताले नै मोहियानी हक पाउन नसकेकोमा यी वादीहरूको नाममा मोहियानी हक नामसारी हुन नसक्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर १० गते रोज ६ शुभम् ।

१६

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** ०६५-CI-०२५२, २५३, निषेधाज्ञा, *रामदुलार यादव समेत वि. सुमित्रादेवी, अरविन्दकुमार ठाकुर वि. सुमित्रादेवी*

जग्गामा निवेदन दावीबमोजिम विपक्षीहरूले हस्तक्षेप गर्ने आशंकाको विद्यमानता रहेको देखिँदा भूमिसुधार कार्यालय महोत्तरीमा परेको मोही नामसारी प्रमाणपत्र मुद्दा टुंगो नलागेसम्म निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको निर्णयमा कुनै कानूनी त्रुटि देखिन आउँदैन । अतः निवेदन मागबमोजिम कि.नं. ८९ को जग्गामा खनजोत भोग गर्ने कार्यमा निवेदिकालाई कुनै किसिमको बाधा व्यवधान हस्तक्षेप नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

१७

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३३०५, आयकर, *अवनीन्द्रकुमार श्रेष्ठ वि. हेम ट्रेडिङ्ग फर्म विराटनगर*

आ.व. २०५०।०५१ को आयकर निर्धारण र असूलउपर आयकर ऐन, २०३१ अनुसार नै गर्नुपर्ने हुँदा प्रत्यर्थी प्रतिवादीले कर अधिकृतले गरेको आयकर निर्धारण आदेशउपर आन्तरिक राजस्व विभागमा निवेदन दिई विभागका महानिर्देशकबाट निर्णय भएको देखिँदा सोउपरमा प्रत्यर्थी प्रतिवादीको राजस्व न्यायाधिकरण विराटनगरमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था देखिएन । प्रत्यर्थी प्रतिवादीले आयकर ऐन, २०५८ को दफा ११६ को (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि दिएको निवेदनमा विभागबाट भएको निर्णयउपरमा राजस्व न्यायाधिकरणमा पुनरावेदन गरेको देखिएकोमा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सकिने सम्बन्धी व्यवस्था आयकर ऐन, २०५८ लागू भएपछिका आर्थिक वर्षको आयकर निर्धारण गर्दा मात्र उक्त ऐनको दफा ११५ ले गरेको देखिन्छ । आयकर ऐन, २०३१ मा प्रशासकीय पुनरावेदन दिन सकिने र विभागबाट भएको निर्णयउपरमा पुनरावेदन लाग्नेसम्बन्धी व्यवस्था नभएको हुँदा सो आयकर ऐन, २०५८ को दफा ११५ को व्यवस्था आयकर ऐन, २०३१ को व्यवस्था लागू हुने विवादका सम्बन्धमा आकर्षित हुने भन्न नसकिने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङनाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल कात्तिक २८ गते रोज १ शुभम् ।

१८

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६४-WO-०४२६, उत्प्रेषण समेत, *देवकान्त चौधरी वि.त्रियुगा न.पा.समेत*

कानूनद्वारा गठित कुनै सार्वजनिक निकाय र यसका पदाधिकारीले आफ्नो काम कर्तव्य सम्पादन गर्दा र अधिकारको प्रयोग र परिपालन गर्दा कानूनद्वारा तोकिएको कार्यविधिबमोजिम नै गर्नुपर्ने हुन्छ । कानूनबमोजिम निर्धारित प्रक्रिया र कार्यविधिअनुसार नगरिएको काम त्रुटिपूर्ण भई बदरभागी हुन्छ । त्रियुगा नगरपालिकाले कुनै पदमा खुल्ला प्रतिस्पर्धाद्वारा नियुक्त गर्ने गरी प्रकाशित विज्ञापनअनुसार पदपूर्ति गर्दा आफैंले निर्धारण गरेको योग्यता र कार्यविधिसम्बन्धी शर्तलाई उल्लंघन गरी नियुक्ति प्रक्रिया सञ्चालन र सम्पादन गरेको र सो गर्दा तोकिएको न्यूनतम् शैक्षिक योग्यतासम्बन्धी शर्तलाई उल्लंघन गरी प्रत्यर्थी योगेन्द्र श्रेष्ठको तालीमसम्बन्धी योग्यताको प्रमाणपत्र नभए पनि निजलाई लिखित परीक्षा तथा अन्तर्वार्तामा सामेल गराएको समेत कार्यलाई स्वेच्छाचारी एवं दूषित मनसायद्वारा अभिप्रेरित भन्नुपर्ने हुन्छ र यस्तो स्वेच्छाचारी एवं दूषित कार्य कानूनको दृष्टिमा अस्वीकार्य र बदरयोग्य हुने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल मंसिर २८ गते रोज ३ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको CI-१०६५, अंश चलन, *साङ्गे लामा वि. कान्छ्रु लामा समेत*

वादीले अंश पाउने ठहरी भाग हिस्सा कायम भइरहेको अवस्थामा अर्को कुनै मुद्दा पर्‍यो भन्दैमा लामो समय चली ठहर समेत भइसकेको निर्णयको कार्यान्वयनमा अवरोध पुऱ्याउन न्यायोचित हुँदैन । उक्त नयाँ दायर भएको मुद्दामा जे जसो ठहर्छ त्यसको परिणाम यी वादीले पनि भविष्यमा भोग्नुपर्ने ।

वादी प्रतिवादीबीच अंश दिनु र पाउनु पर्ने कुरामा मुख मिलेको र वादी प्रतिवादीले अंश बण्डा गर्नुपर्ने सम्पत्तिको तायदाती फाँटवारी बकसपत्रबाट प्राप्त गरेको बण्डा नलाग्ने बाहेकको प्रतिवादी साङ्गे लामाले पेश गरेको तायदाती फाँटवारीमा उल्लिखित कि.नं. ४३० र ४३१ को घर जग्गाबाट प्रत्यर्थी वादीहरूले ५ भागको १ भाग सम्पत्ति अंश छुट्ट्याई लिन पाउने भनी भएको प्रस्तुत मुद्दाको फैसलाबमोजिम नै बण्डा समेत छुट्ट्याई वादीले आफ्नो हक स्थापित गराइसकेको तथा कान्छा लामालाई प्रत्यर्थी वादीले अंश दिनुपर्ने अंशियार समेत नदेखिएको र प्रस्तुत मुद्दाको फैसला बदरमा कान्छा लामाको तर्फबाट फिराद समेत परी कारवाहीयुक्त अवस्थामा रहेको सोही मुद्दाबाट कान्छा लामाले अंश हक प्राप्त गर्न सक्ने वा नसक्ने भन्ने निर्धारण हुने नै हुँदा प्रत्यर्थी वादीले अंश पाउने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल असार ९ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको CI-०७७९, निषेधाज्ञा, *पूर्णबहादुर शाक्य वि.गणेशधर श्रेष्ठ समेत*

निषेधाज्ञाको आदेश जारी हुनको लागि आफ्नो कानूनप्रदत्त हकको प्रचलनमा रोकावट हुन सक्ने प्रवल आशंका रहेको हुनुपर्दछ । आशंका छ भन्ने कुरा निवेदक स्वयंले पुष्टि गर्न सक्नुपर्ने हुन्छ भने त्यस्तो आशंकाको अवस्था विपक्षीहरूको लिखित जवाफ व्यहोराबाट समेत देखिएको हुनु पर्दछ । निषेधाज्ञाको निवेदनबाट उत्प्रेषणको रिट निवेदनले दिनसक्ने प्रकृतिको उपचार दिनसक्ने अवस्था नहुनुका साथै यस प्रकारको निवेदनबाट माग गरिएको उपचार प्राप्त गर्नको लागि निवेदकको हक अधिकारमा प्रतिकूल प्रभाव पर्ने पर्याप्त आशंका विद्यमान रहिरहनु पनि पर्दछ ।

निवेदकको कानूनी हकमा हस्तक्षेप गर्ने आशंका खडा भएको अवस्थामा निवेदकले कानूनी उपचार खोज्न सक्ने अवस्था जहिले पनि रहने हुनाले हालको अवस्थामा निवेदकको हकमा हस्तक्षेप गर्ने आशंकाको स्थितिको विद्यमानता नरहेको परिप्रेक्ष्यमा मागबमोजिमको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल कात्तिक २५ गते रोज ५ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६६ सालको CI-०७८०, निषेधाज्ञा, *बुद्धरत्न शाक्य वि. गणेशधर श्रेष्ठ समेत*
- २०६६ सालको CI-०७८१, निषेधाज्ञा, *ज्यानी माया डंगोल वि. गणेशधर श्रेष्ठ समेत*
- २०६६ सालको CI-०७८२, *लोकरत्न शाक्य वि. गणेशधर श्रेष्ठ समेत*

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको WO-१२६७, निषेधाज्ञा परमादेश, *डा.शिवहरि श्रेष्ठ वि. प्र.मं तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकलाई प्रशासक पदबाट हटाउँदा कानूनको व्यवस्थाको कुनै सहारा नलिएको हुनुको अतिरिक्त कार्यसम्पादन सम्झौताको कुनै प्रक्रिया वा सोसम्बन्धी व्यवस्थाको कुनै आधार समेत ग्रहण नगरेको अवस्थामा कार्यसम्पादन सम्झौताबमोजिम अवकाश दिएको होला भनी अनुमान गरी कुनै निष्कर्ष निकाल्न नमिल्ने ।

स्पष्ट कानूनी आधार उल्लेख नगरी निवेदकलाई प्रशासक पदबाट अवकाश दिने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको मिति २०६७।२।२६ को निर्णय गर्नु पूर्व रीतपूर्वकको स्पष्टीकरण समेत नलिई अर्थ मन्त्रीबाट स्पष्टीकरण लिई मन्त्रिपरिषद्बाट निर्णय भएको देखिँदा कानूनको उचित प्रक्रिया पूरा नगरी, अधिकारक्षेत्रात्मक त्रुटि गरी कानूनी आधार उल्लेख नगरी निवेदकलाई प्रशासक पदबाट हटाउने गरिएको उक्त मिति २०६७।२।२६ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय कानूनसंगत नदेखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने साथै निवेदकलाई प्रशासक पदमा पुनः बहाली दिई पूर्ववत् काममा लगाउने सो कार्य सञ्चालन गर्नमा गैरकानूनी अवरोध वा हस्तक्षेप नगर्नू भनी विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, बीमा संस्थान एवं ऐ.का सञ्चालक समितिको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन २ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६६-WO-१२८५, उत्प्रेषण परमादेश, *डा.शिवहरि श्रेष्ठ वि. प्र.मं तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको ०६६-WO-०५५७, उत्प्रेषणयुक्त परमादेश, *राधिका गिरी वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

मौजुद कानूनी व्यवस्थाबमोजिम हासपोसा गा.वि.स. को कार्यालयको सिफारिशसहित जिल्ला प्रशासन कार्यालय सुनसरी इनरूवाबाट मिति २०६५।१०।२९ मा सिफारिश भै उक्त सिफारिशपत्रको आधारमा निवेदिकाले विज्ञापित पदमा दरखास्त गरी परीक्षामा सामेल भै लिखित परीक्षा समेत उत्तीर्ण गरेको अवस्था देखियो । यस्तो अवस्थामा निजामती सेवा नियमावलीको उक्त १४(४) (घ) को प्रक्रिया पूरा गरी दिइएको दरखास्तलाई अन्यथा भन्न नसकिने हुँदा उक्त नियमावलीको आधारमा निवेदिकाले विज्ञापित पदमा दरखास्त दिन पाउने ।

कानूनी व्यक्तिले कानूनबमोजिम स्पष्ट रूपमा प्रदत्त अधिकारबाहेक अन्य अधिकार ग्रहण गर्न मिल्ने देखिँदैन । यस्तो अवस्थामा उपरोक्त उल्लिखित कानूनी प्रक्रिया पूरा गरी परीक्षामा उम्मेद्वार भैसकेको अवस्थामा उम्मेद्वारको उम्मेद्वारीको औचित्यमा बिना कुनै कानूनी आधार प्रश्न सक्ने देखिएन । यस्तो अवस्थामा रिट निवेदिकाउपर परेको उजूरीको आधारमा थप छानबीन गरी निष्कर्षमा पुगी यी निवेदिकालाई उम्मेदवारीबाटै हटाउने गरी भएको लोकसेवा आयोग केन्द्रीय कार्यालयको मिति २०६५।९।९ को निर्णय कानूनसंगत नदेखिने ।

निवेदिकालाई पूर्ववत् उम्मेद्वार कायम गरी कानूनबमोजिम पदपूर्तिको प्रक्रियाबमोजिम जो जे गर्नुपर्छ गरी दिनु भनी विपक्षी लोकसेवा आयोग केन्द्रीय कार्यालय समेतका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ०७७३, निर्णय बदर हक कायम समेत, *चन्द्रबहादुर सुवाल समेत वि. श्रीभक्त सुवाल*

चन्द्रमानका तीनैजना छोराहरू २०२० सालमै आ-आफ्नो अंश भाग लिई छुट्टिई भिन्न भै अलग-अलग बसी आ-आफ्नो घर व्यवहार गरी आएका भए तापनि कान्छो छोरा वादी श्रीभक्त सुवाल र चन्द्रमान सुवालबीच २०४६।२।१६ मा मानो जोडिएको लिखत पारीत भई यी दुबै जना बाबु छोरा एकासगोलमा रही बसी आएको अवस्थामा बाबुको हकको सम्पत्तिमा भिन्न भएका छोराहरूले हक पाउने भन्न मिलेन । पिताको मृत्यु हुँदा एकासगोलमा रहेका वादी श्रीभक्त सुवालले नै पिताको अपुताली एकलौटी पाउने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६५-WO-०५७१, उत्प्रेषणयुक्त परमादेश, *शर्मीला के.सी. वि. गोमा थापा समेत*

निवेदिकाले का.जि. का.न.पा. वडा नं. २० बाटै नेपाली नगरिकता प्राप्त गरेकी र निजले राजीनामा लिखतमा आफैंले उल्लेख गरेको सोही वतनमा म्याद जारी भई राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएबमोजिम नै जिल्ला अदालतबाट कानूनबमोजिम मुद्दाको फैसला भएको देखिँदा गलत वतन उल्लेख गरी निवेदिकाको नाउँको म्याद तामेल गरेको भन्ने र गलत वतनमा म्याद तामेल गरिएको कारण सुनुवाईको मौकाबाट वञ्चित भएको वा वञ्चित गराइएको भन्ने देखिन आएन । तसर्थ, जिल्ला अदालतबाट पटक-पटक यी निवेदिकालाई सुनुवाइको मौका प्रदान गरिएको देखिन आएकोले मागबमोजिमको उत्प्रेषणको आदेश र परमादेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

२०६७ साल कात्तिक १२ गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६५-WO-०५१२, उत्प्रेषणयुक्त परमादेश, *रामजीप्रसाद वि. श्यामकुमार क्षेत्री समेत*

तामेली म्यादमा साक्षी बस्ने महमद गनी मिया र समसोद्दिन मियाँ सो वडाका बासिन्दा नरहेको, म्याद तामेल गर्ने जिल्ला अदालतको कर्मचारी नभएको भन्ने र सचिव रामाकान्त पाण्डेय समेत सो गाउँ विकास समितिका सचिव होइनन् भनी निवेदकले भन्न सकेको समेत देखिँदैन । केवल म्यादमा गाउँ विकास समितिको सचिव र कार्यालयको छाप नलागेको तथा म्यादमा लेखिएको साक्षीको उमेरभन्दा निजहरूको वास्तविक उमेर फरक रहेको भन्ने कारणले मात्र निवेदकको नाउँमा तामेल भएको मिति २०६५।४।२१ को इतलायनामाको म्याद बेरीतपूर्वक तामेल भएको भन्न नमिल्ने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

२०६७ साल कात्तिक १२ गते रोज ६ शुभम् ।

४

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. ६९४, जग्गा खिचोला, *लीलावती गिरी वि. कल्से रोकाया*

वादीको हक भोगका कि.नं. ५८३ र ५८६ का जग्गाको क्षेत्रफल विवादित न.नं. ३ को जग्गा समेत समावेश

गरी हेर्दा पनि नपुग हुनआएको भन्ने समेतका आधारमा सो मुद्दाबाट खिचोला नठहरेबाट यसै लगाउको दे.पु.नं. ६९५ का मुद्दामा उल्लिखित अन्य बुँदा प्रमाणका आधारमा समेत विवादित धारा सहितको जग्गा यी पुनरावेदक प्रतिवादीको कायम हुन नसक्ने।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल कात्तिक २९ गते रोज २ शुभम्।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ६९५, जग्गा खिचोला मेटाई चलन, *लीलावती गिरी वि. कल्से रोकाया* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६७ सालको WH-०००५ जग्गा खिचोला, *लीलावती गिरी वि. कल्से रोकाया*

मुद्दामा भएको फैसला र आदेशानुसार कैद र थुनामा राखिएको कार्यलाई गैरकानूनी थुनामा राखेको भन्न नमिल्ने हुँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु नपर्ने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर सरस्वती पौडेल

इति संवत् २०६७ साल भदौ ३० गते रोज ४ शुभम्।

६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६७ सालको दे.पु.नं.०६२७, अंश, *कारोरा कुर्मीन वि. प्रमोदकुमार चौधरी*

केवल निजी आर्जनको वा दाइजो पेवाबाट खरीद गरेको हो भन्दैमा त्यस्तो सम्पत्ति दाइजो, पेवा वा निजी आर्जनको भन्न हुँदैन। सोको लागि तथ्ययुक्त लिखत प्रमाण समेत पेश गर्नुपर्ने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर सरस्वती पौडेल

इति संवत् २०६७ साल भदौ ३० गते रोज ४ शुभम्।

७

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको दे.पु.नं. ०४१७, ०७३६,०७३७, अंश, *रेशमबहादुर सिटौला वि. भद्रबहादुर सिटौला समेत, भद्रबहादुर सिटौला वि. , रेशमबहादुर सिटौला, बेदबहादुर सिटौला वि. भद्रबहादुर सिटौला समेत*

अंशियार वादी प्रतिवादीबीच जग्गाको हक हस्तान्तरण भई लिनुदिनु गरिएको, नापीको समयदेखि अलग-अलग वादी दर्ता भई भोग, बिक्री व्यवहार गरेको देखिनु, एक अर्काबीच मुद्दा मामिला चली सकेको देखिने समेतबाट यी वादी प्रतिवादीहरू २०३४ साल पुस २७ भन्दा धेरै अगाडिदेखि भिन्न भइसकेको प्रमाणित भइरहेको छ। यसरी कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा हेर्दा यी वादी प्रतिवादीहरू ०२४।०२५ सालतिरै आ-आफ्नो भागको अंश भाग शान्ति बुझी लिई छुट्टी भिन्न भै आ-आफ्नो खति-उपति व्यहोरी आएको र भोग व्यवहार अलग-अलग गरी आएको तथ्य व्यवहार प्रमाणबाट देखिई रहेको अवस्थामा वादीले प्रतिवादीबाट अंश पाउन नसक्ने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर रानु पौडेल

इति संवत् २०६७ साल भदौ ३० गते रोज ४ शुभम्।

८

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको दे.पु.नं. ९००, अंश, *सुकरन बेहना समेत वि. उम्मतुल बेहना*

आफूउपर अंश मुद्दा परेको थाहा पाउँदा पाउँदै प्रतिवादीहरू आपसमा मिली यी वादीलाई निरअंशी तुल्याउने उद्देश्यले मिति २०५७।९।२८ मा प्रतिवादीरू मगरे बेहनाबाट प्रतिवादी कलामुद्दिन बेहनाले मोल रू. १,४७,०००।- को अंश बुझेको भरपाई रजिष्ट्रेशन पास गराएको पाइयो। यसरी आफू समेतउपर अंश मुद्दा परेको कुरा प्रतिवादीहरूले थाहा जानकारी पाउँदापाउँदै वादीलाई निरअंशी तुल्याउने वा कम अंश दिने उद्देश्यले प्रतिवादीहरूका बीच आपसमा अंश लिनु दिनु गरेको कार्य सद्दे साँचो व्यवहारबाट भएको भन्न देखिएन। प्रतिवादीहरूको यस्तो जालसाजीपूर्ण व्यवहारले कानूनी मान्यता पाउन नसक्ने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर रानु पौडेल

इति संवत् २०६७ साल भदौ ३० गते रोज ४ शुभम्।

९

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. ९००२, नक्सा निर्णय बदर जग्गा खिचोला, *प्रभाव कर्ण वि. हिरादेवी कर्ण समेत*

पुनरावेदक वादीको कि.नं. १६२ को जग्गाको क्षेत्रफलमध्ये मिति २०६२।४।१५ को नक्सा मुचुल्काको न.नं. २ क्षेत्रफल ज.वि. ०-०-०.१३ विपक्षी प्रतिवादीले आफ्नो कि.नं. १६१ भित्र पारी खिचोला गरेको ठहऱ्याउनु पर्नेमा शुरू फैसला उल्टी गरी खिचोला ठहर नगरेको पुनरावेदन अदालत राजविराजको मिति २०६२।६।४ को फैसला नमिलेकोले उल्टी भई उक्त न.नं. २ को जग्गा विपक्षी प्रतिवादीले घर निर्माण गर्न नक्सा समेत पास गराई खिचोला गरेकोले सो मेटाई यी पुनरावेदक वादीले सो जग्गाको चलन समेत चलाई लिन पाउने।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल कात्तिक ३० गते रोज ३ शुभम्।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ९००३, नक्सा निर्णय बदर जग्गा खिचोला, *प्रभाव कर्ण वि. हिरादेवी कर्ण समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

१०

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको दे.पु.नं. ११७९, १२१८, मोही नामसारी, *बिमलप्रसाद शर्मा वि. बुद्धिलाल माझी, बुद्धिलाल माझी वि. गोविन्द हुमागाई*

विवादित जग्गाको मोहीको हैसियतले जोतभोग गरी कुतबाली बुझाएको भन्ने अवस्था पनि नदेखिएको, प्रस्तुत जग्गा नै खेतीयोग्य रहेको देखिएको एवं धनीपुर्जा समेतमा मोहियानी हक जनिएको नदेखिएको र साविक जग्गाधनी नै परिवर्तन भई नेपाल उड स्टक प्रा.लि. को नाममा जग्गाको स्वामित्व हस्तान्तरण भैसकेको समेतका आधारमा प्रस्तुत जग्गामा मोही कायम गरी जग्गाको प्रमाणपत्र पाउन सक्ने अवस्था नरहने।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल कात्तिक २९ गते रोज २ शुभम्।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. १२१७ मोही बेदखली, *बुद्धिलाल माझी वि. नेपाल उडस्टक प्रा.लि. बागबजार समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

११

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको दे.पु.नं. ११७८, मोही नामसारी गरी प्रमाणपत्र पाऊँ, *बिमलनिधि शर्मा वि. धनिलाल खाँ थारू, धनिलाल खाँ थारू वि. बिमलनिधि शर्मा समेत*

२०४२ सालदेखि नेपाल उड स्टक प्रा.लि. ले राजीनामा लिएपछि समयमा नै मोही हकको लागि सम्बन्धित निकायमा गएको नदेखिई केवल २०४७ सालमा मात्र दावी लिएको देखिन्छ। यसरी जग्गाको जग्गाधनीमा नै परिवर्तन भैसकेको र सो जग्गामा कम्पाउण्ड वाल लगाई घर समेत निर्माण गरिसकेको अवस्था दावीको जग्गा खेतीयोग्य अवस्थामा पनि नदेखिँदा प्रस्तुत जग्गामा मोहियानी हक लाग्न नसक्ने।

इजलास अधिकृत चुरामन खड्का

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल कात्तिक २९ गते रोज २ शुभम्।

१२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको दे.पु.नं. ८६१४, निषेधाज्ञा, *सुरेशकुमार यादव समेत वि. देवेन्द्रप्रसाद यादव*

करार ठेक्काको अवधि व्यतीत भैसकेकोले हालको अवस्थामा निषेधाज्ञाको आदेश कायम रहेको अवस्था छैन। यस्तो अवस्थामा निषेधाज्ञा र प्रस्तुत पुनरावेदन पत्र प्रयोजनहिन भैसकेको देखिन्छ। तसर्थ, प्रयोजनहीन भइसकेको प्रस्तुत पुनरावेदनको औचित्यभित्र प्रवेश गरी ठहर इन्साफ गर्न मिलेन, प्रस्तुत पुनरावेदन पत्र नै खारेज हुने।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल कात्तिक २९ गते रोज २ शुभम्।

१३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६३ सालको दे.पु.नं. ०२७४, घर बहाल भराई पाऊँ, *ईन्द्रप्रसाद लिबी वि. रत्न लिबी समेत*

पुनरावेदन अदालतको फैसलामा न.नं. १२ बाहेकका दुई घरबाट मात्र प्रतिवादीहरूलाई वादीले हटाउन पाउने गरी उल्लेख भएबाट न.नं. १२ को मूलघरबाट वादीले दावीअनुसार प्रतिवादीहरूलाई हटाउन नपाउने भन्ने नै सो फैसलामा प्रयुक्त भाषाको स्वाभाविक अर्थ र निष्कर्ष हुने देखिन्छ। त्यसकारण पुनरावेदन अदालतको फैसलामा प्रयुक्त शब्द र भाषा सो फैसलालाई कार्यान्वयन हुनै नसक्ने गरी अस्पष्ट भएको भन्ने नदेखिने।

भक्तपुर जिल्ला अदालतबाट मिति २०४९।१०।२८ मा भएको न.नं. १२ को पुनरावेदन अदालतको फैसलामा न.नं. १३ भनी देखिए तापनि मिति २०६३।७।१० मा संशोधन गरी न.नं. १२ कायम गरेको । मूल घर बाहेकको अन्य २ घरमा यी पुनरावेदक वादीको हककायम हुने ठहरी वादी दावीअनुसार सो दुई घरबाट प्रतिवादीहरूलाई उठाई दिने र वादीले दावीबमोजिम घर भाडा नपाउने भनी ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६३।२।१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल कात्तिक ३० गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६३ सालको फौ.पु.नं. ०१७७, जालसाजी, *ईन्द्रप्रसाद लिबी वि. रत्न लिबी समेत*
- २०६३ सालको फौ.पु.नं. ०१७८, जालसाजी, *ईन्द्रप्रसाद लिबी वि. रत्न लिबी समेत*
- २०६३ सालको फौ.पु.नं. ०१७९, जालसाजी, *ईन्द्रप्रसाद लिबी वि. रत्न लिबी समेत*

१४

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको रिट नं. WO-००२८, उत्प्रेषण परमादेश समेत, *पूर्णदेवी प्रधान समेत वि. ऋण असूली न्यायाधिकरण समेत*

कानूनबमोजिम गरिएको जेथा मूल्याङ्कन र सोही आधारमा लिलाम गरिएको कार्य रिट निवेदकको संविधान प्रदत्त मौलिक हकमाथि आघात परेको भन्ने अर्थ गरी ऋण असूली प्रक्रियालाई निष्प्रभावी गर्ने गरी रिट क्षेत्रबाट यस अदालतले हस्तक्षेप गर्न नमिल्ने ।

२०५७ सालमा लिएको ऋण १ वर्षको भाखाभित्र र सो अवधि व्यतीत भएपछि पनि चुक्ता नगरेपछि विपक्षीहरूबाट बैंकको ऋण असूलीसम्बन्धमा कानूनबमोजिमको कारवाही गरे गराएको र चार पटकभन्दा बढी म्याद सूचना दिएको पनि मिसिलबाट देखिएकोले आफ्नो दायित्व पूरा नगर्ने यी निवेदकलाई अदालतले सहयोग गर्न सक्ने अवस्था नहुँदा मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत चुरामन खड्का

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल भदौ २० गते रोज १ शुभम् ।

१५

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ०३४३, दर्ता बदर दर्ता कायम जग्गा खिचोला चलन, *मनमाया मगर समेत वि. स्वपन भण्डारी*

हदम्यादसम्बन्धी प्रश्न कानूनी प्रश्न हो र यस्तो प्रश्न जहिलेसुकै उठाउन पाइन्छ र प्रत्येक अदालतले हदम्यादसम्बन्धी प्रश्न उठेमा त्यसको निरोपण गरेपछि मात्र तथ्यभित्र प्रवेश गरी इन्साफतर्फ बोल्नुपर्ने ।

जग्गा पजनीसम्बन्धी कानूनमा स्पष्ट रूपले निर्धारित गरिएको उल्लिखित हदम्यादको समयसीमा कुनै कार्यालयको निर्णयले घटाउन वा बढाउन मिल्दैन । मालपोत कार्यालय वा यस्तै अन्य निकायमा निवेदन दिएर वा सो निवेदनमा अमुक निकाय वा कार्यालयको कुनै आदेश गरेको मितिले हदम्यादको सिर्जना वा गणना हुनसक्तैन । ऐनमा हदम्याद लेखिएको छ भने प्रत्यक्ष रूपले सोही हदम्यादभित्र नालिस गर्नुपर्ने हुन्छ । अन्यथा म्याद नाघी परेको उजूरीबाट विवादको तथ्य र औचित्यभित्र प्रवेश गरी इन्साफ गर्न नमिल्ने ।

हदम्यादको अभावमा प्रस्तुत मुद्दा नै खारेज गर्नुपर्नेमा सोही आधारमा भएको शुरूको खारेजी फैसला बदर गरी पुनः ठहर इन्साफ गर्न भनी शुरूमा पठाउने गरेको पुनरावेदन अदालत इलामको मिति २०६२।८।७ को फैसला नमिलेकोले उल्टी भई प्रस्तुत फिराद दावी नै खारेज हुने ।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल असोज १८ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ०२३१, जालसाज, *मनमाया मगर समेत वि. स्वपन भण्डारी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. ०४६८,, लागू औषध गाँजा, *गंगाप्रसाद राउत वि. नेपाल सरकार*

लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(घ) ५ मा दश किलोग्रामदेखि माथि जतिसुकै परिमाणको गाँजा सञ्चय गर्ने व्यक्तिलाई दुई वर्षदेखि दशवर्षसम्म कैद र पन्ध्र हजार रूपैंयादेखि एक लाख रूपैंयासम्म जरीवाना हुने भनी उल्लेख भएको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले

सञ्चय गरेको गाँजाको परिमाण ६१ के.जी. ५०० ग्राम भएको र उपरोक्त कानूनी व्यवस्थाअनुसार बरामद भएको गाँजाको मात्रालाई मध्यनजर राखी निज प्रतिवादीलाई २ वर्ष कैद र २०,०००।- जरीवाना हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिने।

लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७(१) बमोजिम १ वर्ष कैद र रू. १०,०००।- जरीवाना हुने ठहऱ्याई व्यावसायिक रूपमा गाँजा सञ्चयको लागि घर प्रयोग भएको नदेखिएको हुँदा घर समेत जफत गरी पाऊँ भन्ने अभियोग दावीसम्म पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६३।८।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल मंसिर ६ गते रोज २ शुभम्।

१७

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६-WO-०१०६, उत्प्रेषणयुक्त परमादेश, *विष्णुप्रसाद पाण्डे वि. लक्ष्मी चापागाई समेत*

लक्ष्मीकुमारी चापागाईँलाई उक्त राहत शिक्षक कोटामा गरेको नियुक्ति र सोलाई समर्थन गरेको जिल्ला शिक्षा कार्यालय, नवलपरासीको मिति २०६५।६।१५ को पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । अब उक्त विद्यालयको निम्न माध्यमिक विद्यालयतहको राहत दरबन्दीका शिक्षक पदमा निवेदक विष्णुप्रसाद पाण्डेलाई नियुक्ति दिई निजलाई काममा लगाउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल मंसिर ७ गते रोज ३ शुभम्।

१८

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको दे.पु.नं. ०६९५, बकसपत्र बदर, दर्ता बदर हक कायम, *मिश्री चौधरी वि. अमिरीदेवी चौधरी समेत*

वादी दावी पुग्न नसक्ने ठहऱ्याएको धनुषा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६३।९।२६ को फैसला उल्टी भै विवादित र.नं. ५११४/ख मिति २०६१।११।२० को लिखतमध्येको आधी जग्गा मात्र प्रतिवादी अमिरीदेवीले आफ्नो खुस गर्न पाउने र बाँकी आधीमा सबै छोराहरूको मञ्जूरी लिई हक हस्तान्तरण गर्नुपर्नेमा एउटा छोरा (वादी) को मञ्जूरी नलिई बकसपत्र गरिदिएकोले सो लिखतको १/२ भागको १/२ भाग अर्थात् सम्पूर्ण लिखतको १/४ भाग लिखत बदर हुने।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल मंसिर ६ गते रोज २ शुभम्।

१९

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको रिट नं. ०२१९, उत्प्रेषण, परमादेश, *किसनावतीदेवी चमार वि. दुर्गादेवी चमाइन समेत*

फैसलाबमोजिम बण्डा छुट्ट्याउने कार्य सम्पन्न नहुँदै सासू तेतरीको मृत्यु भएकोले निजको अंशभाग समेत निवेदिकाको नाममा आएको भन्ने निवेदन लेखबाट नै देखिन आउँछ । यसबाट ऋण लिने व्यक्तिको सम्पत्ति समेत यी निवेदिकाले प्राप्त गरेपछि निजले लिएको ऋणको बिगो तिर्दिन भन्न नमिल्ने।

इजलास अधिकृत : चुरामन खड्का

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०६७ साल मंसिर २६ गते रोज १ शुभम्।

२०

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको रिट नं. ०७४६, उत्प्रेषण, परमादेश समेत, *बद्रीनारायण शाह वि. सत्यनारायण मलाह मुखिया समेत*

आफ्नो पेशा व्यापार वा घर व्यवहारमा पनि स्वतन्त्र रूपले आफ्नो विश्वसनीयताको आधारमा बन्द व्यापार, कारोवार वा व्यवहार गरेको जेसुकैलाई उक्त लेनदेन व्यवहारको ९ नं. को प्रयोजनको लागि घरको मुख्य भई काम गरेको सम्झनु पर्ने हुन्छ। अन्यथा त्यस्तो बन्द व्यापार, कारोवार वा घर व्यवहार चल्न सक्दैन । सोही मान्यता र ऐनले गरेको व्यवस्थाअन्तर्गत रही अदालतले आफूले गरेको फैसला कार्यान्वयन गर्ने सिलसिलामा कानूनबमोजिम र न्यायका मान्य सिद्धान्तलाई आत्मसात् गरी अन्य अंशियारको साम्पत्तिक अधिकारमा खलल नपुग्ने गरी त्यस्तो सगोलको धनबाट फैसलाबमोजिम ऋणीउपरको दायित्वअनुसारको बिगो भरी भराउ गर्न उक्त ऐन र ऐनको प्रावधानले मान्न नमिल्ने।

लेनदेन मुद्दाको फैसलाअनुसारको बिगो भरी पाऊँ भनी यी रिट निवेदकले शुरू सप्तरी जिल्ला अदालतमा दिएको दरखास्तमा उल्लिखित जग्गा सो जिल्ला अदालतको मिति २०६४।४।३१ को आदेशबमोजिम रोक्का गरी फैसला कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत चुरामन खड्का

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल मंसिर २६ गते रोज १ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको ०६४-CI-१०११, परमादेश, *ध्रुबनारायण श्रेष्ठ वि. दुरपती देवी*

निवेदकको हकको जग्गा सुरक्षणबापतको कर्जा चुक्ता भइसकेपछि उक्त जग्गाको रोक्का फुकुवा गरिदिनु सम्बन्धित बैंकको प्राथमिक दायित्वभित्रको विषय रहेको छ । सुरक्षणबापतको कर्जा असूल गरिसकेपछि उक्त जग्गा अन्य कर्जाबापत सुरक्षणमा नभएमा त्यस्तो जग्गामा बैंकले कुनै प्रकारको अधिकारको दावी गर्न मिल्दैन । निवेदकले बैंकको कर्जा चुक्ता गरिसके पछि जहिलेसुकै पनि जग्गा फुकुवाको लागि निवेदन दिन सक्ने हुन्छ । निवेदकले तत्काल रोक्का फुकुवाको लागि निवेदन नगरी आफूलाई अनुकूल हुने समयमा जग्गा फुकुवाको माग गर्दैमा त्यस्तो जग्गा माथिको निवेदकको अधिकार समाप्त हुन सक्दैन । यसप्रकार कर्जा चुक्ता भइसकेपछि निवेदकले आफ्नो दर्ता हक भोगको जग्गा बैंकमा जहिलेसुकै फुकुवाको माग गर्न सक्ने ।

इजलास अधिकृत : शिवप्रसाद खनाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल भदौ २४ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३१८१, उत्प्रेषण मिश्रित परमादेश, *राजेन्द्र शाक्य वि. आन्तरिक राजश्व कार्यालय, ललितपुर*

आर्थिक ऐन, २०५८ हेर्दा उक्त ऐनको अनुसूची ५ दफा ८ ले चलचित्र विकास शुल्कसम्बन्धी प्रशासन सम्बन्धित जिल्लाको आन्तरिक राजश्व कार्यालय र सो नभए कोष तथा लेखा नियन्त्रण कार्यालयले गर्ने भनी चलचित्र विकास शुल्कको प्रशासकको रूपमा आन्तरिक राजश्व कार्यालयलाई तोकिदिएको र चलचित्र घरधनी/ सञ्चालकहरूलाई आफूहरूले प्रयोग गर्ने सिटको सिलसिलेवार नम्बर र मिति चलचित्रको नाम सम्बन्धित आन्तरिक राजश्व कार्यालय वा कोष तथा लेखा नियन्त्रण कार्यालयमा जानकारी गराई सोको अभिलेख चलचित्र घरहरूले राख्नुपर्ने गरी चलचित्र विकास शुल्क निर्धारण प्रयोजनको लागि चलचित्र घरधनी/सञ्चालकलाई दायित्व समेत सोही दफाले तोकेको पाइन्छ। सोबमोजिम नगर्ने वा सो व्यवस्थाको उल्लंघन गरेको पाइएमा सम्बन्धित अधिकृतले त्यस्तो चलचित्र घरधनी/सञ्चालकबाट चुहावट भएको शुल्क र सोको दोब्बर रकम जरीवाना गरी असूल गर्ने भन्ने समेत व्यवस्था उक्त दफा ८ ले गरेको पाइँदा ऐनले विकास शुल्क प्रकाशनसम्बन्धी अधिकारी नतोकेको भन्न नमिल्ने ।

आर्थिक ऐन, २०५८ को दफा १४ को व्यवस्था भनेको ऐनको अनुसूची ५ को दफा ६, ७ र ८ बमोजिमको निर्णयउपरको पुनरावेदन लाग्ने भन्ने व्यवस्थासँग सम्बन्धित रहेकाले सो दफामा प्रयुक्त चलचित्र विकास शुल्कसँग सम्बन्धित तोकिएको अधिकारी भन्नाले पूर्वोक्त दफा ८ मा उल्लिखित निकायका अधिकारी बुझ्नुपर्ने अवस्था र स्थिति हुँदा त्यसरी ऐनले चलचित्र विकास शुल्कको प्रशासक निकाय र अधिकारी दफा ८ मै तोकिसकेको र दफा १४ ले त्यस्तो अधिकारीको निर्णयउपर पैंतीस दिनभित्र राजश्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने व्यवस्थाको प्रत्याभूतिसम्म गरेको देखियो । यसरी प्रस्तुत विषयमा रिट निवेदकलाई पुनरावेदन गर्न पाउने अधिकार ऐनले नै प्रदान गरी मिति २०६२।५।७ को पत्रमा समेत सो विषयमा स्पष्ट रूपमा उल्लेख भएको अवस्था र स्थितिमा तोकिएबमोजिम पुनरावेदनको मार्ग अवलम्बन नगरी वैकल्पिक उपचारको उपाय हुँदाहुँदै रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा यसमा निवेदन माग दावी सम्बन्धमा थप विश्लेषण गरिरहनु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६७ भदौ १३ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५-WO-०१३७, उत्प्रेषणयुक्त परमादेश, *शशिकान्त अग्रवाल वि. उद्योग मन्त्रालय समेत*

निवेदक उद्योगले थप दुई वर्षको आयकर छूट पाउनको लागि उद्योग स्थापनाका बखत उक्त ऐनको तत्काल बहाल रहेको दफा १६(ड) अनुसार तोकिएको रू. ७५ करोडको स्थिर पूँजीको मापदण्ड पूरा गरेको देखिएन । कुनै ऐनले कुनै मापदण्ड वा पूर्वशर्त तोकी सुविधा र सहुलियत दिने गरी कानूनी व्यवस्था गरेकोमा त्यस्तो सुविधा र सहुलियत पाउनको लागि सम्बन्धित ऐनले तोकेको मापदण्ड वा पूर्वशर्त पूरा गरेको हुनुपर्ने ।

निवेदकको आयकर छूटको निवेदन सम्बन्धमा एकद्वार समितिबाट मिति २०६३।९।२० मा भएका निर्णय र विपक्षी ठूला करदाता कार्यालयले संशोधित कर निर्धारण गरी निवेदकलाई दिएको सूचना कानूनसम्मत् रहे भएको पाइँदा निवेदक मागबमोजिमको उत्प्रेषणको आदेश र परमादेश समेत जारी नहुने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६७ साल भदौ १३ गते रोज १ शुभम् ।

## इजलास नं १०

१

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको दे.पु.नं. ०४९२, ०४९१, ०४९०, अंश चलन, *कृष्णप्रसाद कर्माचार्य वि. लक्ष्मीदेवी कर्माचार्य, नगीना कर्माचार्य वि. लक्ष्मीदेवी कर्माचार्य, सुरेन्द्र कर्माचार्य वि. लक्ष्मीदेवी कर्माचार्य*

सानुमैया कर्माचार्यले २०४४ सालमा नै आफ्नी सौता लीलीदेवी कर्माचार्यका छोराहरूसँग अंशबण्डा गरी आधा सम्पत्ति लिई यी वादीलाई समेत आफूसाथ राखेको भन्ने कुरा वादीको फिराद र तत्कालको मिलापत्रबाट समेत देखिएबाट यी वादी निजतर्फकी आमासँग सगोलमा बसेको भन्ने स्पष्ट देखियो । तत्काल सानुमैयाले आफ्नातिरका छोराहरूसमेतको भनी र यी वादीलाई समेत देखाई अंश लाग्ने सम्पत्तिबाट आधा सम्पत्ति बुझी लिएको देखिएबाट निजसँग एकाघर सगोलमा बसेकी यी वादी लक्ष्मीदेवी कर्माचार्यले समेत मोही अर्थात् सानुमैया कर्माचार्य, कृष्णप्रसाद कर्माचार्य र विष्णुप्रसाद कर्माचार्यहरूको सगोलको सम्पत्तिबाट मात्र अंश पाउने ।

इजलास अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल मंसिर ८ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६३ सालको फौ.पु.नं. ०३५६, डाका चोरी, *नेपाल सरकार वि. कुलप्रसाद ढुंगेल समेत*

प्रतिवादी द्वारिकादेव साउदको हकमा हेर्दा निजको साथबाट नगद बरामद भएको कुरामा विवाद देखिएन । तर निजले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत बयान गर्दा सो रकम आफूलाई आफ्ना पति तथा प्रतिवादी चन्द्र सिँ साउदले दिएको, पतिले आफूलाई पहिले पनि रकम दिने गर्नु भएको भनी उल्लेख गरेको देखियो । आफूले डाँका नगरेको तर प्रतिवादी चन्द्र सिँ साउद भने राति अफीसमा गई रकम लुटिएको भनेको व्यहोरा उल्लेख गरी बयान गरेकोमा सो व्यहोरा अर्का प्रतिवादी प्रेमबहादुर साउदले समेत स्वीकार गरी बयान गरेको देखियो । अदालतमा कसूरमा साबिती भई बयान गर्ने प्रतिवादीले यी प्रतिवादी वारदातमा संलग्न नभएका र राति निजका पतिसँग निजको डेरा कोठामा जाँदा निज सुतिरहेको अवस्थामा रहेको र वारदातमा संलग्न नभएको भन्ने उल्लेख गरेको तथा प्रतिवादी द्वारिकादेवी साउदका साक्षीहरूको बकपत्र समेतबाट निजको बयान पुष्टि भइरहेको हुँदा वारदातमा संलग्न नै नहुने प्रतिवादीलाई शंकाको भरमा कसूरदार ठहर गर्न बयान पुष्टि भइरहेको हुँदा वारदातमा संलग्न नै नहुने प्रतिवादीलाई शंकाको भरमा कसूरदार ठहर गर्न न्यायसम्मत् नहुने हुँदा प्रतिवादी प्रेमबहादुर साउदले कसूरमा सावित भई बयान गरेको र अन्य फरार प्रतिवादीहरूको समेत पोल गरेको तथा निजको बयानसँग अनुसन्धानमा तयार भएका घटनास्थल मुचुल्का तथा वस्तुस्थितिको कागजको व्यहोरा मेल खान गई डाँका भएको रकम समेत बरामद भएको देखिएकोले निज प्रतिवादी प्रेमबहादुर साउदलाई रू. २०,०००।- डाँका गरेको ठहर हुने र अन्य प्रतिवादीहरू द्वारिकादेवी साउद, कुलप्रसाद ढुङ्गेल र नरेन्द्र साउदलाई प्रमाणको अभावमा दावीबाट सफाइ पाउने ।

इजलास अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल पुस ५ गते रोज २ शुभम् ।

३

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६५ सालको फौ.पु.नं. ०३८२, २०६६ सालको साधक ०५६३ र २०६६ सालको नं. ००७५, कर्तव्य ज्यान, *श्रीकृष्ण थपलिया वि. नेपाल सरकार, नेपाल सरकार वि. यादव थपलिया, यादव थपलिया वि. नेपाल सरकार*

फौजदारी विधिशास्त्रको सर्वमान्य सिद्धान्तअनुसार सुनी जान्ने प्रमाण, प्रमाण नभए पनि यदि अन्य स्वतन्त्र र

वस्तुनिष्ठ प्रमाणबाट कसूर स्थापित हुन्छ भने त्यस अवस्थामा Hear evidence ले पनि महत्व राख्दछ । र सो प्रमाणलाई पनि ग्रहण गर्न सकिन्छ । प्रस्तुत मुद्दाको अवस्था र स्थिति हेर्दा सुनेको प्रमाणलाई निरर्थक मात्र सकिने होइन कि बरू त्यसलाई थप कडीको रूपमा लिनुपर्ने ।

प्रतिवादी श्रीकृष्ण थपलियाको षड्यन्त्र र निर्देशनमा प्रतिवादी जयराम भन्ने यादव थपलिया समेत भै पूर्व रिसइवी भै-भगडा साँध्न नवराज थपलियालाई मार्ने मत सल्लाह गरी मनसायपूर्वक खुकुरी, खुर्पा समेतका जोखिमी धारिलो हतियार प्रहार गरी नवराज थपलियालाई मारेको देखिँदा यी पुनरावेदक प्रतिवादी श्रीकृष्ण थपलियाले ज्यानसम्बन्धी महलको १६ नं अनुसार षड्यन्त्रको कसूर गरेकोमा निजलाई सोही १६ नं. बमोजिम १५ वर्ष कैदको सजाय र जयराम भन्ने यादव थपलियाले ज्यानसम्बन्धी महलको १३ (१) नं. अनुसारको कसूर गरेकोले निजलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल मंसिर २९ गते रोज ४ शुभम् ।

४

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको फौ.पु.न. ००६५, भ्रष्टाचार, *नेपाल सरकार वि. बलराम शर्मा*

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) ले भ्रष्टाचारको सम्बन्धमा सो कार्य भएको ५ वर्षभित्रमा आयोगले कारवाही चलाई सक्नुपर्ने गरी हदम्यादसम्बन्धी व्यवस्था गरेको देखिन्छ । साथै भ्रष्टाचार निवारण ऐन, २०१७ लाई भ्रष्टाचार निवारण ऐन, २०५९ ले प्रतिस्थापन गर्दै खारेज गरेको समेत देखिन्छ । अभियोग माग दावी लिने क्रममा पहिले भए गरेको भ्रष्टाचारजन्य कसूरलाई समावेश गर्न मात्र अभियोजन पक्षले सो खारेजीमा परेको ऐनलाई उल्लेखसम्म गरेको देखिएको स्थितिमा साविक ऐनको हदम्याद लगाई विशेष अदालत काठमाडौंले प्रस्तुत मुद्दा हदम्यादको आधारमा खारेज गर्ने ठहऱ्याएको मिति २०६६।२।८ फैसला त्रुटिपूर्ण देखिँदा बदर हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई

इति संवत् २०६७ साल मांघ २५ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको फौ.पु.नं. ०३१४, भ्रष्टाचार, *नेपाल सरकार वि.रत्नहजुर सेन* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ९०१, जग्गा दर्ता हक कायम समेत, *कयो मैजू महर्जन वि. तुईसिँह शाक्य समेत*

मिति २०५५।५।७ मा यिनै वादी तुईसिँह शाक्य समेतका तर्फबाट परेको निवेदनको पीठमा मालपोत कार्यालय, ललितपुरको साविक लगत फाँटबाट रैकर परिणत नं. १२० मा इगत्याग ॥२ बुद्धिराज, पुण्यराज मर्दा हक खाने छोराहरू तुईसिँह, आशाकाजी र आशामरू समेत ३ जनाका नाउँमा हक कायम भइसकेको भन्ने र मालपोत कार्यालय, ललितपुरको २०६१।१।३१ को पत्रबाट समेत उक्त रै.नं. १२० को जग्गा रैकर परिणत भएको बुद्धिराज बाँडा समेतको रैकर रसिदको फोटोकपी समेत पठाएको भन्ने उल्लेख भई सो पत्र साथ उक्त र.नं. १२० जग्गा २०२७।१२।२० मै दर्तावाल बुद्धिराज, पुण्यराजका छोरा तुइसिँ, आशाकजी समेतका नाउँमा गोश्वारा दर्ता भएको भन्ने उल्लेख भएको देखिएबाट विवादित कि.नं. १५९ को जग्गा वादीहरूको नाममा रैकर परिणत भइसकेको देखिँदा उक्त जग्गा वादीहरूको नाउँमा हक कायम र दर्ता भई वादीहरूले जग्गाधनी प्रमाणपूर्जा समेत पाउने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल पुस २७ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ९०२, जग्गा दर्ता हक कायम समेत, *कयो मैजू महर्जन वि. तुइसिँह शाक्य समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ०९४०, लेनदेन, *खड्गबहादुर बुढथापा वि.गोरखबहादुर बुढथापा*

लेनदेनको तमसुक नेपालको कानूनको रीत पुगेको, नेपाली कागजमा लेखिएको साक्षीहरू समेत नेपाली नै राखिएको र ती साक्षीले अदालतमा आई बकपत्र समेत गरेको पाइँदा र कारोवारी दुबै थर नेपाली रहेको हुँदा

नेपालको अदालतमा मुद्दा गर्ने र हेर्ने क्षेत्राधिकार त्यस्तो लिखतबाट पाउने नै देखिने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री तर्कराज भट्ट,** २०६२ सालको दे.पु.नं. ८६३४, जग्गा खिचोला मेटाई हक कायम चलन, *रामनारायण मुराऊ(मौर्य) समेत वि. पुरूषोत्तम गडेरिया*

यो जग्गाको यो भाग यो यस कारणले वादीको जग्गामा घुसेको हो भनी स्पष्ट देखिने गरी प्रतिवादीले यथेष्ट प्रमाण पुऱ्याउन सकेको पाइँदैन । प्रतिवादीको आफ्नो जग्गाको क्षेत्रफल जग्गाधनी प्रमाण पूर्जाबमोजिम नपुग भएमा अर्काको जग्गाबाट पुऱ्याउने पर्ने भन्ने जिकीर न्यायसंगत नदेखिने ।

इजलास अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल पुस ४ गते रोज १ शुभम् ।

८

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६३ सालको फौ.पु.नं. ००७८, लुटपीट, *केशवलाल श्रेष्ठ वि. तेजबहादुर पण्डित समेत*

मोहीको लगत कट्टा भएपछि त्यस्ता मोहीको कानूनी अस्तित्व समाप्त हुने कुरामा बिमति जनाउनु पर्ने कुनै अवस्था छैन । तर वादीका एकासगोलका छोरा राजन श्रेष्ठले मिति २०५९।५।२९ मा प्रतिवादीबाट बाली बुझिलिएको तथ्यलाई वादी पक्षबाट इन्कार गरेको अवस्था छैन । यदि कुनै व्यक्तिले दशकर्म परिश्रम गर्दछ भने सो परिश्रमको लागि पारिश्रमिकबाट बिमूख गर्नु पनि हुँदैन । यी प्रतिवादी विवादित जग्गाको मोही नभए तापनि परिश्रम गरी कमाएको आयस्ता बाँडी वादीका एकासगोलका छोरा राजन श्रेष्ठ र प्रतिवादीबीच २०५९।५।२९ मा भरपाई भएको देखिँदा त्यस्ता कार्य लुटपीटको परिभाषाभित्र नपर्ने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

९

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०३३४, कर्तव्य ज्यान, *बुद्धिमान पाँचकोटी दर्जी वि. नेपाल सरकार*

प्रतिवादीले धारिलो हतियारले मृतकको टाउको, निधार, गाला समेतमा पटकपटक प्रहार गरी रगताम्यै भई भूईमा लडिसकेपछि पनि पुनः ठूलो ढुंगा उठाई मृतकको टाउको क्षतविक्षत हुने गरी प्रहार गरी क्रूरता र निर्दयतापूर्वक टाउको जस्तो संवेदनशील अंगमा प्रहार गरेको देखिनाले र पहिलेदेखि नै परपुरूषसँग सम्बन्ध राखेकी छ भन्ने आशंकामा प्रतिवादी र मृतकबीच झै झगडा हुने गरेको समेतको पूर्व रिसइवीका कारणबाट जोखिमी हतियार बाम्फोक र ढुंगाले समेत पटक-पटक प्रहार गरी आफ्नै श्रीमती नन्दकुमारी दर्जीलाई काटी थिची मार्नेसम्मको कार्य गरी कर्तव्य गरी क्रूर ढंगले मारेको देखिँदा प्रतिवादी बुद्धिमान दर्जीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल पुस २८ गते रोज ४ शुभम् ।

१०

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०४९८, २०६७ सालको साधक नं. ००१३, कर्तव्य ज्यान, *करन सिँह शाह वि. नेपाल सरकार, नेपाल सरकार वि. लक्ष्मीकुमारी ऐर*

मृत्युको कारण श्वास प्रश्वास अवरूद्ध भई मरेको भनी चिकित्सकले दिएको रायलाई अन्यथा मान्नुपर्ने अवस्था देखिएन । बच्चा जन्मनु अगाडि बच्चा खसाउने औषधि खुवाएको, बच्चा जन्मेपछि मारी दिने कुरामा दुबै प्रतिवादी सहमति भएका, बच्चा जन्मेपछि त्यसलाई बचाउन प्रतिवादी लक्ष्मीकुमारी निष्क्रिय रहेकी, जिउँदो जन्मेको बच्चा हतार हतार खाडलमा हाली ढुङ्गा माटोले प्रतिवादी करण सिँहले पुरेको मिसिल संलग्न सबूत प्रमाणबाट पुष्टि हुनआएकोले अभियोग दावीअनुसार प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा ऐ. १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

प्रतिवादी लक्ष्मीकुमारी अविवाहित रहेकी, निजको उमेर घटना हुँदा १८ वर्षमात्र रहेको, अनैतिक सम्बन्धका कारण समाजमा महिलाउपर सामाजिक विभेद, लज्जा, सामाजिक लाञ्छना, सामाजिक बेइज्जती र क्षति, करणी लिनेले दिने झूट्ठा आश्वासन तथा धम्की जस्ता कारणले एउटी अविवाहित केटी अपराध गर्न विवश भएको परिस्थितिलाई मध्यनजर राखी निजलाई ठहऱ्याएको जन्मकैदको सजाय चर्को पर्न जाने देखिँदा र न्यायको दृष्टिकोण समेतबाट मनासिब र उचित समेत नहुने

हुँदा प्रतिवादी लक्ष्मी कुमारी ऐरलाई अ.बं. १८८ नं. बमोजिम ३ वर्ष कैद मात्र सजाय हुने।

इजलास अधिकृत : परशुराम भट्टराई

इति संवत् २०६७ साल मंसिर २८ गते रोज २ शुभम्।

११

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०४७०, कर्तव्य ज्यान, *तुलसा सार्की वि. नेपाल सरकार*

प्रतिवादी तुलसा सार्कीको लोग्ने लामो समयदेखि परदेश गई घरमा एक्लो अवस्थामा रहेकी महिलाको अर्को पुरूषसँग यौन सम्पर्क हुन गई गर्भधारण भएको अवस्थामा सामाजिक अपवाद र लाञ्छनाबाट जोगिनका लागि नवजात शिशुको हत्या गर्नुपर्ने बाध्यता र विवशताबाट नै अपराध गर्न विवश भएको परिस्थितिलाई मध्यनजर राखी निजलाई ठहऱ्याएको सर्वश्वसहित जन्मकैदको सजाय चर्को पर्न जाने देखिँदा र न्यायको दृष्टिकोण समेतबाट मनासिव र उचित समेत हुने नदेखिँदा प्रतिवादी तुलसा सार्कीलाई अ.बं. १८८ नं बमोजिम ३ वर्ष कैद मात्र सजाय हुने।

इजलास अधिकृत : परशुराम भट्टराई

इति संवत् २०६७ साल पुस २८ गते रोज २ शुभम्।

१२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०५५६, कर्तव्य ज्यान, *देवका पोखरेल वि. नेपाल सरकार*

रूखबाट लडी मरेकोमा जाहेरवाला र मलामी गाउँले समेत यकीन भई मृतकको सद्‌गत र काजक्रिया समेत गरी करीब १५ दिनपछाडि मृतकको आफन्तको दबाबमा आई यी प्रतिवादीका पति डिल्लीराम पोखरेलले जाहेरी दिएको भन्ने कुरा जाहेरी र प्रतिवादीको अदालतमा भएको बयानबाट खुलेको देखिनाले एवं यो कारणबाट मृतक चन्द्रकला पोखरेलको मृत्यु भएको हो भन्ने कुरा प्रमाणित हुने ठोस र वस्तुनिष्ठ आधार प्रमाणको अभाव हुँदाहुँदै केवल शंका र अनुमानको भरमा पुनरावेदक प्रतिवादी देवका पोखरेललाई आरोपित कसूर गरेको ठहऱ्याई सर्वश्वसहित जन्मकैदको सजाय ठहर गरेको शुरू स्याङ्जा जिल्ला अदालतको मिति २०६४।३।२० को फैसलालाई नै सदर गरेको पुनरावेदन अदालतको फैसला उल्टी भई प्रतिवादीले अभियोग माग दावीबाट पूर्णतः सफाई पाउने।

इजलास अधिकृत : परशुराम भट्टराई

इति संवत् २०६७ साल पुस २८ गते रोज ४ शुभम्।

१३

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०७६५, कर्तव्य ज्यान, *हीराबहादुर तामाङ वि. नेपाल सरकार*

प्रतिवादीले श्रीमतीले ज्यादै कचकच गरेकोले रिस उठी दुई हातले घाँटी जस्तो संवेदनशील अंगमा भरमग्दूर बल प्रयोग गरी मृतकलाई श्वासप्रश्वास अवरूद्ध गर्ने गरी थिची दिँदा मृत्यु हुन्छ भन्ने जान्दाजान्दै पनि दुई मिनेटसम्म घाँटी थिची मारेको अवस्था देखिँदा ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुने नदेखिने।

अपराध हुँदाको परिस्थिति, ज्यान मार्न जोखिमी धारिलो हतियारको प्रयोग नभएको स्थिति, दुःखदायी रूपले क्रूरता र निर्ममतापूर्वक मारेको अवस्था पनि नदेखिएको र कमाई राम्रो नगरेको भनी रातको समयमा बारम्बार श्रीमतीले कचकच गरेको र सम्झाउँदा पनि नमानेकोले घाँटी थिच्दा श्रीमती मरेकी र तत्कालै आफूले गरेको कार्यप्रति पश्चाताप महसूस गरी तत्काल बचाउन सकिन्छ कि भनी खबर गरेको र आफैं प्रहरीमा प्रस्तुत भई वारदातको जानकारी दिई स्वयं पक्राउ हुन गै मुद्दाको अनुसन्धानमा सहयोग पुऱ्याई अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा एवं अदालतमा समेत कसूरमा सावित भएको अवस्था समेतलाई मध्यनजर गर्दा न्यायको दृष्टिकोणबाट उक्त सजाय चर्को पर्न जाने देखिँदा अ.बं. १८८ नं बमोजिम प्रतिवादी हीराबहादुर तामाङलाई १० वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : परशुराम भट्टराई

इति संवत् २०६७ साल पुस २८ गते रोज ४ शुभम्।

१४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** २०६७ सालको फौ.पु.नं. ०७६७, कर्तव्य ज्यान, *नरबहादुर रोकाया वि. नेपाल सरकार*

मार्ने नियतले प्रतिवादी कालीकोटदेखि दैलेखसम्म साथमा खुकुरी लिई आई मृतक टीका योगीलाई खुकुरी जस्तो जोखिमी हतियारले प्रहार गरी हत्या गरी उक्त खुकुरी फ्याँकी तत्काल फरार भई गएको देखिन्छ। अतः पूर्व रिसइवी राखी मनसाय, तयारी, उद्योग र कार्य समेत पूरा गरी हत्या भएकोमा अ.बं. १८८ नं.बमोजिम सजाय घटाउने स्थितिको विद्यमानता नदेखिने।

इजलास अधिकृत परशुराम भट्टराई

इति संवत् २०६७ साल माघ २६ गते रोज ४ शुभम्।

# दैलेख जिल्ला अदालत भवनको समुद्घाटनको अवसरमा सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले मिति २०६७।११।४।४ मा दिनु भएको मन्तव्य

यस दैलेख जिल्ला अदालतको नवनिर्मित भवनको समुद्घाटन समारोहमा मलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गरी भवनको उद्घाटन गर्ने र मन्तव्य समेत राख्ने अवसर उपलब्ध गराउनु भएकोमा म आयोजकहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

जनताका हक, अधिकार र स्वन्त्रताहरूको रक्षा एवं सरकारका काम कारवाहीहरूलाई संविधान र प्रचलित कानूनको परिधिभित्र सञ्चालित गराउनमा स्वतन्त्र न्यायपालिकाको ठूलो भूमिका रहिआएको छ। लोकतान्त्रिक राज्य व्यवस्थामा विधिको शासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिका र स्वतन्त्र सञ्चार जगत्ले महत्वपूर्ण स्थान ओगटेको हुन्छ। त्यसमा पनि स्वतन्त्र न्यायपालिकाको अभावमा लोकतन्त्रको कल्पना गर्न सकिँदैन। राज्यको एक महत्वपूर्ण निकायको रुपमा रहेको न्यायपालिकाको वर्तमान संरचनाअन्तर्गत जिल्ला अदालत जनताको प्रत्यक्ष पहुँचमा रहने महत्वपूर्ण तह हो। जिल्ला अदालतबाट सम्पादन हुने न्यायिक काम कारवाहीहरूले सम्बन्धित पक्षलाई तत्कालै प्रत्यक्ष असर गर्ने हुँदा यसबाट सम्पादन हुने प्रत्येक काम कारवाही र कार्यशैलीलाई चुस्त दुरुस्त, निष्पक्ष, प्रभावकारी र छिटोछरितो बनाउनु अहिलेको आवश्यकता हो। यसका लागि भौतिक सुधार पनि एउटा आवश्यकता हो। आवश्यक साधन स्रोतको व्यवस्था गरी प्रत्येक जिल्ला अदालतलाई सुविधासम्पन्न, सुदृढ र व्यवस्थित बनाउने क्रममा नै अदालत भवन निर्माणको कार्यहरू हुँदै आएका छन्। यसै क्रममा यस दैलेख जिल्ला अदालतको यो अत्याधुनिक भवन निर्माण कार्य सम्पन्न भएको छ। यो न्यायपालिकाको लागि मात्र होइन, जिल्लावासी सबैको लागि खुशीको विषय हो।

हामीले न्यायपालिकाको भौतिक स्थितिको सुधारका साथै न्यायिक काम कारवाहीमा समेत व्यापक सुधार गरी निष्पक्ष, छिटोछरितो, जनताको सहज पहुँचयुक्त, प्रभावकारी रुपमा आमजनतालाई समयमै न्याय प्रदान गर्ने उद्देश्य लिएका छौं। यसै सन्दर्भमा न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्दै आएका पनि छौं। यस सिलसिलामा नै पहिलो पञ्चबर्षीय रणनीतिक योजना समाप्त भई हाल दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयन समेत भइरहेको छ। जनताको शीघ्र न्याय प्राप्तिको चाहनालाई अदालतबाट आफ्नो क्षमता र साधन स्रोतअनुसार मूर्तरुप दिने प्रयास हुँदै आएको छ। तर राज्यले अन्य अंगको तुलनामा न्यायपालिकालाई कम प्राथमिकतामा राख्नाले लामो समयसम्म अदालतहरू भौतिक साधन स्रोत एवं भवनलगायतका अत्यावश्यक पूर्वाधार र न्यूनतम् सुविधाको अभावमै सञ्चालित हुनुपर्ने बाध्यता रहेको थियो। अहिले यस धारणामा केही परिवर्तन आएको छ। फलस्वरुप न्यायिक योजनामा अदालत भवनलगायतको भौतिक सुधारतर्फ पनि विशेष प्राथमिकता निर्धारण गरी हामीले कार्य गरिरहेका छौं। यसै क्रममा अदालतका भवनहरूको निर्माण कार्यले तीव्रता पाइरहेको र तदनुरुप विभिन्न जिल्लामा अदालतका नयाँ भवनहरू निर्माण भइरहेका छन्। आज उद्घाटन भएको यस जिल्ला अदालत भवन पनि यही सुधार प्रक्रियाको एक ज्वलन्त उदाहरण हो।

वास्तवमा अत्याधुनिक अदालत भवन केवल न्यायाधीश र कर्मचारीको सुविधाको लागि होइन। यसको प्रत्यक्ष सम्बन्ध न्यायका उपभोक्ताहरूसँग रहेको हुन्छ। भौतिक सुविधा र साधनस्रोत सम्पन्न अदालत भएमा मात्रै न्यायिक काम कारवाहीलाई अझ व्यवस्थित, छिटोछरितो र प्रभावकारी बनाई न्यायको लागि टाढा-टाढा एवं पहाडका कुना कन्दराबाट आउने न्यायका उपभोक्तालाई शीघ्र न्याय प्रदान गरी जनआस्था आर्जन गर्न सकिन्छ। वस्तुतः हामीले प्रदान गर्ने न्याय निष्पक्ष, प्रभावकारी एवं विवादरहित बनाई अदालतको भवन जस्तै अदालतप्रतिको जनआस्थाको धरोहर अझ सुन्दर, परिपूर्ण र भव्य बनाउन सक्नु परेको छ। यसो गर्न सकेमा नै न्याय प्रदान गर्ने हाम्रो महान् एवं पवित्र कार्य सफलीभूत हुनेछ भन्ने मेरो विश्वास छ। यसका लागि हामीमा न्यायिक निष्ठा, निष्पक्षता, इमानदारिता, असल नियत एवं कठोर अनुशासन हुनु त्यत्तिकै आवश्यक छ।

यस प्रसङ्गमा मैले यहाँहरू समक्ष राख्नुपर्ने अर्को महत्वपूर्ण कुरा के छ भने, न्याय सम्पादनको कार्य एउटा सामूहिक कार्य हो। प्रत्यक्ष रुपमा न्याय सम्पादनको काम अदालत र न्यायाधीशको मात्रै जस्तो देखिए पनि यस कार्यमा प्रशासन, सरकारी वकील, प्रहरी, स्थानीय निकाय, नागरिक समाज, कानून व्यवसायीका साथै पत्रकार जगतको पनि त्यत्तिकै भूमिका रहेको हुन्छ। मुद्दाको जाहेरीदेखि अनुसन्धान,

अभियोजन, प्रमाण संकलन एवं साक्षीको प्रस्तुतीकरणलगायतका महत्वपूर्ण कार्यहरूमा यी निकायहरूको भूमिका कहीं न कहीं अवश्य नै रहेको हुन्छ । त्यसैले न्याय सम्पादनको कार्यलाई कानून व्यवसायीलगायत राज्यका सबै निकायहरूबाट अन्तरआत्मादेखि नै मेरो पनि दायित्व हो भन्ने आत्मबोध गरी सहयोग गर्नु अहिलेको आवश्यकता हो । त्यस्तो हुनसकेमा नै छिटोछरितो न्याय सम्पादनमा अदालतलाई मद्दत पुग्नुका साथै नागरिकले निष्पक्ष एवं शीघ्र न्याय प्राप्त गर्न सक्ने छन् ।

मुलुक अहिले संक्रमणकालको गम्भीर चपेटामा रहेको छ । संविधान निर्माण, शान्ति प्रक्रियाको तार्किक निष्कर्ष तथा नयाँ संविधानद्वारा आफ्ना हक अधिकारको सुनिश्चितता हुन्छ हुँदैन भन्ने आशंका र द्विविधाको मनस्थितिबाट प्रत्येक नागरिकले गुज्रिरहनु परेको छ । जनताद्वारा निर्वाचित संविधानसभाद्वारा तोकिएको दुई बर्षको म्यादभित्र संविधान निर्माणमा सफलता प्राप्त गर्न नसकेको र हाल थप भएको एक वर्षको कार्यकाल पनि अधिकांशत: गुज्रिइसकेको अहिलेको अवस्थासम्म पनि संविधान निर्माणतर्फ उल्लेख्य प्रगति भएको देखिँदैन । यस्तो परिस्थितिले जनतामा थप द्विविधा र आशंका थप्दै लगेको प्रतीत हुन्छ । संक्रमण र द्विविधाको यस अवस्थाबाट राष्ट्रलाई जोगाई संविधान निर्माणको मूल उद्देश्यलाई सुरक्षित तवरले पार लगाउनु आज राजनीतिक क्षेत्रदेखि लिएर सबै तह र समूहका सबै नेपालीहरूको साझा ध्येय हुनु अनिवार्य भएको छ ।

संविधान निर्माणको प्रसङ्गमा स्वतन्त्र न्यायपालिकाको सम्बन्धमा पनि चर्को राजनीतिक बहस, मतभेद र विवादहरू देखिएका छन् । संविधानसभाको न्याय प्रणालीसम्बन्धी समितिले संविधानसभासमक्ष पेश गरेको प्रतिवेदनमा उल्लेख भएका न्यायपालिकासम्बन्धी विषयहरूले स्वतन्त्र न्यायपालिका सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा स्वीकृत विश्वव्यापी मापदण्डहरूका साथै नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रत्याभूत गरिएका व्यवस्थाहरू समेतलाई वेवास्ता गर्दै हामीले अभ्यास गरिआएको स्वतन्त्र न्यायपालिकाको अवधारणालाई नै खल्बल्याई निर्देशित र नियन्त्रित न्यायपालिकातर्फ उन्मूख देखिन्छ । ती व्यवस्थाहरू आगामी नयाँ संविधानमा यथावत् रूपमा राखिए भने स्वतन्त्र न्यायपालिकाको आधारहरू नै समाप्त भएर जानेछन् भन्ने मेरो दृढ धारणा मैले बारम्बार राख्दै आएको छु । यसका साथै न्यायाधीशको नियुक्ति, अनुशासन, कारवाही र बर्खासी गर्नेलगायतका कार्यका लागि आगामी दिनमा बन्ने नयाँ संविधानमा खडा हुने न्यायपरिषद् वा त्यस्तै प्रकारको संरचनामा समेत न्यायिक नेतृत्व कायम गर्न सकिएन भने न्यायपालिका स्वतन्त्र र निष्पक्ष बन्न सक्तैन । त्यस्तो अवस्था आएमा अदालतका सुन्दर र भव्य भवनहरू न्यायिक आस्थाका धरोहर बन्न सक्ने छैनन् । यस तथ्यप्रति सम्बन्धित राजनीतिक दल, संविधानसभा र सर्वसाधारण सबैको ध्यान जानु आवश्यक छ ।

न्यायपालिकाको स्वतन्त्रतालाई यसको जवाफदेहितासँग जोडेर न्यायपालिका र न्यायाधीशहरू जवाफदेही भएनन् भन्ने चर्चा हुने गरेको पाइन्छ । वास्तवमा न्यायपालिकाको स्वतन्त्रता न्यायाधीशको व्यक्तिगत सुरक्षाको विषय हुँदै होइन । जनताको हक अधिकारमाथि अतिक्रमण हुँदा त्यसको रक्षा गर्ने अन्तिम निकाय केवल अदालत मात्रै रहन्छ । न्यायको अन्तिम आश्रयस्थलको रुपमा रहने न्यायपालिकाको स्वतन्त्रता सुरक्षित गर्न सकिएन भने जनताको हक अधिकारहरू जुनसुकै बखत अतिक्रमित हुन सक्तछन् । त्यसैले न्यायपालिकाको स्वतन्त्रतालाई सबैले आ-आफ्नो हकअधिकारको रक्षाको लागि नभई नहुने विषय हो भनेर बुझ्न जरुरी छ । यस कुरालाई शासनमा रहँदाको आँखाले होइन, सबैले जनसाधारणको कसीमा हेर्नु आवश्यक छ । न्यायिक स्वतन्त्रतालाई अंकुश लगाई न्यायपालिकालाई जवाफदेही बनाउन सकिन्छ र त्यसबाट जनताको हक अधिकार सुरक्षित हुन सक्तछ भन्ने एकोहोरो सुगा रटाइबाट सबैले माथि उठौँ भन्ने मेरो सबैसँग हार्दिक आग्रह रहिआएको छ ।

न्यायिक स्वतन्त्रताको आधारभूत मापदण्डहरूको सुरक्षा गर्न सक्यौं भने न्यायिक जवाफदेहिता कुनै दुर्लभ विषय पनि होइन । न्यायिक नेतृत्वको दृढ इच्छा शक्ति, इमानदारिता, निष्पक्षता र अठोट भएमा जस्तोसुकै अवस्थामा पनि न्यायिक जवाफदेहितालाई प्रभावकारी बनाउन सकिन्छ भन्ने मेरो मान्यता रहिआएको छ । मैले प्रधान न्यायाधीशको जिम्मेवारी सम्हालेदेखि नै न्यायपालिकाप्रतिका गुनासाहरू सम्बोधन गरी कठोर अनुशासन कायम गर्ने र कमी कमजोरीहरू सुधार गरी न्यायपालिकालाई अझ बढी जिम्मेवार र जवाफदेही बनाउने निरन्तर प्रयास गर्दै आएको छु । यसै सिलसिलामा न्यायपरिषद्बाट केही महत्वपूर्ण निर्णयहरू भएका छन् जुन तपाईहरू सबैलाई विदितै छ । यी सबै काम कारवाहीहरू न्यायिक जवाफदेहिताका ज्वलन्त उदाहरण हुन् भन्ने मलाई लाग्दछ ।

अर्कोतर्फ न्यायपालिकामा धेरै विकृति विसंगतिहरू छन् भनी सुन्ने गरिएका गुनासाहरूलाई सम्बोधन गर्ने उद्देश्यले

न्यायपालिका स्वयम्ले एक अध्ययन समिति गठन गरी त्यस विषयमा देखिएको यथार्थ अवस्था जनसमक्ष ल्याएको छ । तत्कालीन सम्माननीय प्रधान न्यायाधीश श्री अनूपराज शर्माज्यूको कार्यकालमा मेरै अध्यक्षतामा गठन भएको **"विकृतिविहीन न्यायपालिकाको विकास अध्ययन कार्यदल"**ले न्यायपालिकाभित्रका सबैखाले कमीकमजोरीहरू, त्यसका कारक तत्व र तिनको समाधानका उपायहरू समेत औंल्याई प्रतिवेदन दिएको थियो । उक्त अध्ययनले न्यायपालिकाका कमी कमजोरीहरूमा केवल न्यायाधीश वा अदालतमात्रै कारक तत्व रहेको नभई अन्य पक्षको कारणले पनि न्यायपालिकाका काम कारवाहीका विषयमा विवाद, भ्रम र समस्या खडा गरेको कुरा औंल्याएको छ । यी सबै कमजोरी सुधार गर्न केवल अदालतलले मात्रै पहल गरेर हुँदैन र एक पटकको वा एक व्यक्तिको प्रयासले मात्रै पनि सम्भव हुँदैन । यसका लागि राज्यका सबै निकाय, नागरिक समाज, नेपाल वार एशोसिएशन, सञ्चारजगतलगायत सम्बद्ध सबै पक्षको उत्तिकै सहयोग र निरन्तर सक्रियता चाहिन्छ । त्यसैले कुनै न्यायाधीशले न्यायसम्पादनको क्रममा गरेको कुनै त्रुटि वा कमजोरीलाई आधार बनाई समग्र न्यायपालिका स्वच्छन्द भयो भनी यसको स्वतन्त्रतामाथि प्रश्न उठाउनु सर्वथा गलत हुनेछ।

अहिलेको अवस्थामा न्यायपालिकाको स्वतन्त्रताप्रति केवल अदालत र न्यायाधीशमात्रै चिन्तित रहनु पर्ने स्थिति पनि छैन । अदालतको सहयात्रीको रुपमा हामीसँग सक्षम बार एवं यसको नेतृत्व रहेको छ । वास्तवमा कानून व्यवसायीहरूको छाता संगठनको रुपमा रहेको नेपाल बार एशोसिएशनलगायत ७५ मध्ये अधिकांश जिल्लामा रहेका बार एकाइहरू र त्यसमा आवद्ध सम्पूर्ण विद्वान कानून व्यवसायीहरू लगायत प्रबुद्ध नागरिक समाज र स्वतन्त्र सञ्चारजगत पनि न्यायपालिकाको स्वतन्त्रताप्रति त्यत्तिकै चिन्तित र संवेदनशील रहेको मैले पाएको छु । इतिहासका विभिन्न कालखण्डमा न्यायपालिकाको स्वतन्त्रताको रक्षाका लागि नेपाल बार एशोसिएशन र यसमा आवद्ध विद्वान कानून व्यवसायी तथा सञ्चार क्षेत्रले सम्झौतारहित ढंगले संघर्ष गर्दै आएको दृष्टान्त हामीसँग छ। यसका लागि नेपाल बार लगायत सबै विद्वान कानून व्यवसायीहरू र सञ्चार जगतलाई म धन्यवाद दिन चाहन्छु। अब बन्ने नयाँ संविधानमा पनि न्यायिक स्वतन्त्रताको प्रत्याभूतिका लागि यहाँहरूको यस्तै भूमिका रहनेमा म विश्वस्त छु।

अदालतले सम्पादन गर्ने प्रत्येक काम कारवाहीहरू खुल्ला किताबको रुपमा रहेका छन्। देशको संविधान, प्रचलित कानून र न्यायका मान्य सिद्धान्तप्रति प्रतिबद्ध रही न्यायिक निष्ठा, ईमानदारिता, स्वच्छता र निष्पक्षताको माध्यमबाट न्यायकर्मीले सधैं आफूलाई निर्देशित गरी न्यायप्रति समर्पित रहन सक्नु पर्दछ। हाम्रा आचरण र व्यवहारबाट नै हामीप्रति आमनागरिक, सञ्चारजगत र समग्र समाजको धारणा बन्न जान्छ। त्यसैले हामीले हाम्रा आचरण, व्यवहार र जीवनशैलीलाई पारदर्शी, सुझबुझपूर्ण, सन्तुलित, सादगीपूर्ण र अनुकरणीय बनाउन हरदम प्रयत्नशील रहनु त्यत्तिकै आवश्यक छ। अदालतका भवनहरू जतिसुकै भव्य, साधन स्रोत सम्पन्न र अत्याधुनिक भए पनि न्यायका लागि अदालत रुपी मन्दिरमा प्रवेश गर्ने व्यक्तिप्रति हामीले सद्व्यवहार, सेवाभाव, संवेदनशीलता देखाउन सकेनौं भने यी भवनहरू न्यायका प्रतीक बन्न सक्तैनन्। त्यसैले सम्बन्धित न्यायाधीशज्यू र कर्मचारीहरूमा आजको यस अवसरमा सेवाग्राहीका पीरमर्का सुन्ने, त्यसको समाधान गर्ने र न्यायिक काम कारवाहीमा हरदम खटिइरहने दृढ इच्छाशक्ति, तत्परता र जागरुकता निर्माण गर्न विशेष आव्हान गर्दछु।

अन्त्यमा, यस जिल्ला अदालत भवनको निर्माण कार्यमा प्रत्यक्ष वा परोक्षरुपमा संलग्न रहनु हुने प्राविधिकहरू, निर्माण कार्य समयमै सम्पन्न गर्ने सम्बन्धित निर्माण कम्पनी, भवन निर्माणको निर्णय गरी वजेटको व्यवस्था गर्ने सर्वोच्च अदालत भवन निर्माण समिति एवं सर्वोच्च अदालत प्रशासन, निर्माणस्थलको वारम्वार अवलोकन गरी समयमै निर्माण कार्य सम्पन्न गर्न विशेष रुपमा निर्देशन दिनु हुने पुनरावेदन अदालत सुर्खेतका तत्कालीन एवं वर्तमान मुख्य न्यायाधीशज्यूहरू लगायत सबैलाई म धन्यवाद दिन चाहन्छु। साथै अहोरात्र खटिई अदालत भवन निर्माण कार्य सम्पन्न गराउन विशेष रुपमा सक्रिय रहनु भएका जिल्ला न्यायाधीश ठाकुरप्रसाद शर्मालगायत स्रेस्तेदार एवं सबै कर्मचारीहरूलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु। दैलेख जिल्लावासी दाजुभाइ दिदीबहिनीहरूले न्यायको मन्दिरको रुपमा यस भव्य भवन प्राप्त गर्नु भएकोमा समस्त जिल्लावासीहरूलाई विशेष बधाई दिदै यहाँहरूसँग विदा हुन्छु।

**धन्यवाद !**